
ग्राहक प्रति
वर्ष २० | अंक ८० | काठमाडौं | बिहीवार, २७ मङ्सिर २०८१ | Thursday, 12 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक
www.abhiyandaily.com

अमेरिकी ऋण सम्झौताबाट पछि हट्यो अडानी समूह २
प्रभु स्टील्स एण्ड हाइड्रो इन्भेष्टमेण्टको बिक्री प्रबन्धकमा कुमारी क्यापिटल ३
स्रोतको व्यवस्थापनबाट उठ्न सक्छ पर्यटन ४
अर्थतन्त्रप्रति अर्थमन्त्री नै असन्तुष्ट ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

एनपीएल अर्थतन्त्र

# राइड शेयरिङमा एनपीएल हेर्न जाने दर्शकको चाप बढ्यो

**प्रशान्त खड्का**
काठमाडौं

दुई वर्षदेखि कीर्तिपुर बसेर मोटरसाइकलमा राइड शेयरिङ सेवा दिइरहेका सुनील केसीलाई आजभोलि यात्रु ओसार्न भ्याइनभ्याई छ ।

उनले त्रिभुवन विश्वविद्यालय परिसरभित्र आयोजना भइरहेको क्रिकेटको नेपाल प्रिमियर लिग (एनपीएल) हेर्न जाने र फर्कने दर्शक मोटरसाइकलमा ओसारिरहन पाएका छन् । 'यसबाट अन्य बेलाको भन्दा धेरै आम्दानी भएको छ,' केसीले भने ।

काठमाडौंको एक कलेजमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत केसीले विगतमा अस्पताल र कलेज तथा साँझमा होटेल रेस्टुराँको आसपास ढुकेर अर्डर कुरेर बस्थे । 'अहिले एनपीएल चलिरहँदा बल्खुदेखि कीर्तिपुरसम्मको दूरीमा व्यापक राइड अर्डर आउने गरेको छ,' उनले भने, 'शायद बल्खुसम्म चक्रपथ र अन्य बाटोबाट सार्वजनिक यातायातबाटै दर्शक आइपुग्छन् । तर, कीर्तिपुरमा थोरै मात्र सार्वजनिक यातायातका साधन चल्ने भएकाले राइड शेयरिङको माग बढेको होला ।'

नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गरेको घरेलु प्रतियोगिताको सबैभन्दा धेरै लगानीको खेल प्रतिगोगिता हेर्न दैनिक हजारौंको संख्यामा क्रिकेटप्रेमी दर्शक त्रिभुवन विश्वविद्यालय मैदान कीर्तिपुर पुगिरहेका छन् । प्रतियोगिता मङ्सिर १५ मा शुरू भएको हो ।

यही प्रतियोगिताका कारण उक्त क्षेत्रमा सार्वजनिक यातायात र राइड शेयरिङ एपमार्फत सेवा दिने पठाओ, इनड्राइभ, टुटल र जुमजुमको माग बढेको हो ।

पठाओ नेपालकी मार्केटिङ म्यानेजर सुरक्षा हमालले पनि सार्वजनिक बिदाको दिनमा एनपीएल हेर्न कीर्तिपुर जाने दर्शकका कारण त्यस क्षेत्रमा राइड गर्ने




- कीर्तिपुर क्षेत्रमा राइड गर्ने राइडरको चाप १० देखि १५ प्रतिशत बढ्यो : पठाओ
- दैनिक ८ खेप यात्रु बोक्ने कीर्तिपुर रूटका बस/माइक्रो बसले १० खेपसम्म बोक्न थाले
- प्रतियोगी टीमहरूको फेसबुकमा फ्यान, फलोइङ बढ्दो

राइडरको चाप सामान्य दिनको तुलनामा करीब १० देखि १५ प्रतिशतसम्मले वृद्धि भएको जानकारी दिइन् ।

उनका अनुसार एनपीएल हेर्न हजारौं दर्शक तथा समर्थक कीर्तिपुर जाने गरेका कारण त्यस क्षेत्रमा राइडरको चाप बढेको हो । 'विशेष गरी एनपीएल उद्घाटन दिनको खेल र गत शनिवार सबैभन्दा धेरै राइडरको चाप त्रिभुवन विश्वविद्यालय मैदान वरपर देखिएको छ,' उनले आर्थिक अभियानसँग भनिन् ।

राइड शेयरिङ सेवाबाहेक कीर्तिपुरदेखि विभिन्न रुटमा चल्ने सार्वजनिक यातायातका साधनमा एनपीएल शुरू भएसँगै यात्रुको चाप वृद्धि भएको बाघभैरव यातायात प्रालि कीर्तिपुरका अध्यक्ष कृष्ण कोजूले जानकारी दिए ।

उनका अनुसार कीर्तिपुरमा दुईओटा यातायात समिति छन् । तीमार्फत दैनिक १५० ओटा बस/माइक्रो बस कीर्तिपुर-रत्नपार्क र कीर्तिपुर-लगनखेल रुटमा गुड्ने गर्छन् ।

'सामान्य दिनमा यहाँ चल्ने बस, माइक्रोले दैनिक ८ खेप यात्रु बोक्ने गरेकोमा हाल १० खेपसम्म बोक्ने गरेका छन् । प्रतियोगिता हेर्न आउने दर्शक सबैसँग आफ्नै साधन हुँदैन, त्यसकारण पनि यस क्षेत्रमा चल्ने सार्वजनिक सवारीमा चाप बढेको हुन सक्छ,' उनले आर्थिक अभियानसँग भने ।

बाघ भैरव यातायात प्रालिले यसअघि प्रतियोगिता शुरू हुनुअगावै यात्रुको चाप हेरेर आवश्यकताअनुसार सवारी व्यवस्थापन गर्ने तयारी गरेको थियो । कीर्तिपुर-रत्नपाक रुटमा माइक्रो बस चलाउँदै आएका चालक विजय तामाङले पनि एनपीएलका कारण यतिबेला यात्रुको चाप बढ्ने गरेको बताए । मुख्यगरी बिदाको दिन र विशेष गरी सुदूरपश्चिम, कर्णाली याक्स, जनकपुर बोल्ट्सको खेल भएको दिनमा यात्रुको चाप बढेको महसूस भएको उनले सुनाए ।

प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका आठओटै टोलीमध्ये सामाजिक सञ्जाल फेसबुकमा सबैभन्दा ठूलो समर्थक र फ्यान फलोइङ भएको टोली सुदूरपश्चिम रोयल्स हो । सोमवार साँझसम्म टीम सुदूरपश्चिमको फेसबुक पेजमा १ लाख ९५ हजार फलोअर्स छन् । त्यसैगरी कर्णाली याक्सको पेजमा ८७ हजार र जनकपुरको पेजमा ६२ हजार फलोअर्स छन् ।

यद्यपि, फेसबुकमा फलोअर्सको हिसाबले पोखरा एभेन्जर्स १ लाख ३९ हजार र लुम्बिनी लायन्स १ लाख २१ हजारसहित क्रमशः दोस्रो र तेस्रो स्थानमा भए पनि जनकुपर बोल्ट्सले जारी प्रतियोगितामा आजको बाहेक सबै खेल जितेर सबैभन्दा बलियो टोलीका रूपमा आफूलाई स्थापित गरेको छ । त्यसैगरी भारतीय चर्चित क्रिकेटर शिखर धवनको आगमनले टीम कर्णालीको क्रेज पनि कम्ती छैन । यद्यपि, पूर्वसम्झौताअनुसार शिखर धवन प्रतियोगिता छाडेर फिर्ता भइसकेको कर्णाली टीमले बताएको छ ।

पुस ६ गतेसम्म चल्ने यो प्रतियोगिता सम्पन्न हुँदा करीब ६० करोड रुपैयाँ खर्च हुन सक्ने अनुमान गरिएको क्यानका सचिव पारस खड्काले हालै आर्थिक अभियानलाई बताएका थिए । पहिलोचोटि ठूलो लगानीका साथ स्वदेशी र विदेशी खेलाडी ल्याएर आयोजित प्रतियोगितामा दर्शकको ठूलो क्रेज देखिएको हो । टीमले गरेको खर्चले बढाएको आर्थिक गतिविधिका अतिरिक्त सार्वजनिक यातायात र राइड शेयरिङ सेवा लिनेहरू पनि बढेका हुन ।

'आम्दानी धेरै हुने भएकाले अहिले कलेज पनि नगईकन राइड शेयरिङ सेवा दिइरहेको छु,' केसीले भने ।

नेपाल वायुसेवा निगमलाई ऋणदाता पाउनै मुश्किल

# १३५ अर्ब ऋण खोज्न १ वर्षमा चारपटक ईओआई जारी

**अभियान संवाददाता**
काठमाडौं

सन् २०१५ मा सरकार जमानी बसेर लिएको ऋणको साँवाब्याज समयमै भुक्तानी गर्न नसकिरहेका बेला नेपाल वायुसेवा निगमले थप जहाज खरीद गर्न थप १ अर्ब १ करोड अमेरिकी डलर (१ खर्ब ३५ अर्ब रुपैयाँ) ऋण लिन प्रस्ताव आह्वान गरेको छ ।

विगतमा वाइड र न्यारोबडी २/२ ओटा जहाज किन्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको करीब ३३ अर्ब रुपैयाँको साँवाब्याज समयमै तिर्न नसक्दा ऋण दायित्व बढेर करीब ५० अर्ब रुपैयाँ पुगेको छ ।

निगमले नयाँ जहाज किन्न अनुमानित ७५ अर्ब, अहिले भएको ऋण चुक्ता गर्न ५५ अर्ब र ह्यांगर बनाउन ५ अर्ब रुपैयाँ खर्चको अनुमान गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय ऋणदातासँग आशय पत्र (एक्स्प्रेसन अफ इन्ट्रेस्ट) माग गरेको हो ।

निगमले ऋणका लागि ऋणदाता खोज्न बुधवार सूचना प्रकाशित गरेको छ । निगमले ऋणदाता खोज्न एकै वर्षमा सूचना जारी गरेको यो चौथोपटक छ । निगमका प्रवक्ता रमेश पौडेलले हालका ऋणदाता कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋणको ब्याजदर बढी भएकाले उक्त ऋण पनि स्वाप गर्ने निगमको योजना रहेको बताए । 'ऋणको ब्याजदर बढी हुँदा ब्याजबापत नै वार्षिक किस्ता साढे ३ अर्ब रुपैयाँ बुझाउनुपर्छ,' पौडेलले भने, 'महँगो ब्याज भएकाले त्यो ऋणलाई स्वाप गर्न सहुलियत ऋण खोजिएको हो ।'

निगमले १ वर्षमा चारचोटि आशयपत्र मागिसके पनि अहिलेसम्म ऋणदाता भने पाउन सकेको छैन । निगमले यो ऋणका लागि पहिलोपटक सन् २०२४ जनवरी २३ मा आशयपत्र मागेको थियो । कसैले चासो नदिएपछि निगमले पुनः मार्च १३ मा आशयपत्र माग्यो । त्यसपछि सेप्टेम्बर १३ र डिसेम्बर ११ (मङ्सिर २६) मा फेरि प्रस्ताव माग गरेको छ ।

पूँजी अभाव, ऋणको भार र जहाज अभावको चर्को दबाबमा रहेको निगमले सहुलियत ब्याजदरको ऋण लिन प्रक्रिया अघि बढाएको बताएको छ । उसले विदेशबाट समेत ऋण खोजे पनि भुक्तानी भने वैदेशिक मुद्रामा नगर्ने स्पष्ट पारेको छ । ब्याजदर पनि स्थिर हुनुपर्ने शर्त छ । उसले २५ वर्षमा ऋण तिर्ने गरी आशयपत्र आह्वान गरेको हो ।

निगमको सुधारका लागि सरकारले विभिन्न समयमा गठन गरेका समिति तथा कार्यदलहरूले समेत ऋण चुक्ता गर्न व्यापार बढाउन वा सहुलियत ऋण लिन सुझाव दिँदै आएका छन् ।

ती प्रतिवेदन तथा समितिले अहिलेकै जहाज संख्या र बजारबाट ऋण चुक्ता गर्ने सम्भावना कम रहेको बताउँदै आएका छन् । सार्वजनिक निकायहरूलाई भन्दा निगमलाई बढी कानूनी संरक्षण छ । ऋण तथा जमानत (१२औं संशोधन) ऐन, २०५५ को दफा ४(१) मा निगमका लागि नयाँ हवाईजहाज खरीद गर्न कुनै संस्थालाई विदेशी सरकार वा एजेन्सी वा अर्को संस्थाबाट ऋण उपलब्ध गराउन र उक्त ऋणबापत सरकारले जमानत दिन सक्ने व्यवस्था छ ।

२०७६ साउन २२ मा पूर्वसचिव सुशील घिमिरेको संयोजकत्वमा गठन भएको कार्यदलले पनि तत्काल सुधार गर्नुपर्ने सुझावको पहिलो बुँदामै ऋण ब्याजदर १० दशमलव ५० प्रतिशत भएकाले त्यसलाई सबैभन्दा कम दरमा घटाउन पहल गर्ने सुझाव दिएको थियो । यस्तै दोस्रो बुँदामा नेपाली वित्त बजारमा वित्तीय संस्थाहरूको ब्याज आधारदर (बेसरेट) उच्च भएकाले विदेशी संस्थाहरूसँग बढीमा ६-७ प्रतिशत ब्याजदरमा ऋण लिन पहल गर्न पनि समितिले सुझाएको थियो ।



**नेपाल वायुसेवा निगमको माग ऋण संरचना**

| किसिम | रकम रू. |
|---|---|
| अहिले भएका जहाजको ऋण व्यवस्थापन | ५५ अर्ब |
| जहाज खरीद | ७५ अर्ब |
| ह्यांगर सेटअप योजना | ५ अर्ब |

*स्रोत : नेपाल वायुसेवा निगम*

# बैंकको घरजग्गा कर्जा साढे ६ प्रतिशतले बढ्यो

काठमाडौं (अस) । चालू आर्थिक वर्षको पहिलो ४ महीनामा वाणिज्य बैंकहरूले घरजग्गा (रियल स्टेट)मा कर्जा लगानी केही बढाएको राष्ट्र बैंकले जनाएको छ । कन्द्रीय बैंकको तथ्यांकअनुसार २० ओटा वाणिज्य बैंकले चालू आर्थिक वर्ष (आव)को चार महीनामा घरजग्गामा २ खर्ब २५ अर्ब रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेका छन् ।

यो रकम गत आवको चार महीनाको तुलनामा ६ दशमलव ६५ प्रतिशतले बढी हो । सो अवधिमा यी बैंकहरूले घरजग्गामा कुल २ खर्ब ११ अर्ब ८९ करोड रुपैयाँ कर्जा प्रवाह गरेका थिए ।

चालू आवको चार महीनामा घरजग्गामा सर्वाधिक कर्जा प्रवाह गर्नेमा एन.आई.सी. एशिया बैंक छ । एन.आई.सी. एशियाले घरजग्गामा २७ अर्ब २१ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ । यो रकम गतवर्षको सोही अवधिको तुलनामा भने ९ प्रतिशत कम हो । सो अवधिमा यो बैंकले घरजग्गामा २९ अर्ब ९३ करोड रुपैयाँ कर्जा प्रवाह गरेको थियो ।

घरजग्गामा सर्वाधिक कर्जा दिने वाणिज्य बैंकको सूचीमा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक दोस्रो नम्बरमा छ । यो बैंकले चालू आवको पहिलो चार महीनामा २४ अर्ब ७४ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ ।


यस वर्ष पहिलो चार महीनामा पाँचओटा वाणिज्य बैंकले घरजग्गामा दिने कर्जा घटाएका छन् भने १५ ओटाले बढाएका छन् ।


यस वर्षको सो अवधिमा घरजग्गामा लगानी बढाउनेको शीर्ष स्थानमा कुमारी बैंक छ । यो बैंकले घरजग्गामा कर्जा प्रवाह १५८ प्रतिशतले बढाएको छ । यस बैंकले चालू आवको चार महीनामा ३ अर्ब ७८ करोड रुपैयाँभन्दा बढी घरजग्गामा कर्जा प्रवाह गरेको छ । गत आवको यसै अवधिमा कुमारीले १ अर्ब ४६ करोड रुपैयाँ मात्र उक्त शीर्षकमा कर्जा प्रवाह गरेको थियो ।


**घरजग्गामा वाणिज्य बैंकको कर्जा**

| बैंक | घरजग्गा कर्जा (रू. १० लाख) | | घटबढ प्रतिशत |
|---|---|---|---|
| | आव २०८१/८२ कात्तिक मसान्तसम्म | आव २०८०/८१ को कात्तिक मसान्तसम्म | |
| एन.आई.सी. एशिया | २७,२१७.५६ | २९,९३७.६९ | -९.०९ |
| नेपाल इन्भेष्टमेण्ट मेगा | २४,७४७.२८ | २३,७४४.२२ | ४.२२ |
| नबिल | २३,७४६.८१ | २२,०४४.२४ | ७.७२ |
| प्राइम कमर्सियल | १९,७१२.५६ | १६,०२९.२३ | २२.९८ |
| ग्लोबल आइएमई | १६,६७९.५२ | १४,९३५.७५ | ११.६८ |
| प्रभु | १५,६५८.९५ | १४,०८५.४२ | ११.१७ |
| लक्ष्मी सन्राइज | १५,१००.२५ | १०,१८२.९७ | ४८.२९ |
| नेपाल | १३,७९९.०८ | ११,७७९.५९ | १७.१४ |
| हिमालयन | १३,२९९.८५ | १४,५३६.२४ | -८.५१ |
| राष्ट्रिय वाणिज्य | ९,७२५.७३ | ११,०८४.०३ | -१२.२५ |
| स्टाण्डर्ड चार्टर्ड बैंक | ८,२८८.५१ | ७,८८८.८० | ५.०७ |
| एभरेष्ट | ६,५५३.२४ | ६,१५७.५१ | ६.४३ |
| सानिमा | ५,६३२.२५ | ६,५२१.५७ | -१३.६४ |
| एनएमबि | ४,९१२.१७ | ४,७८४.४२ | २.६७ |
| नेपाल एसबिआई | ४,८२२.५८ | ४,७२६.५८ | २.०३ |
| सिद्धार्थ | ४,६५०.३४ | ४,५७७.४४ | १.५९ |
| सिटिजन्स बैंक इन्टरनेशनल | ४,१६४.९२ | ४,०७९.८२ | २.०९ |
| कुमारी | ३,७८५.६७ | १,४६६.८५ | १५८.०८ |
| कृषि विकास | १,८५५.९० | १,६९९.२६ | ९.२२ |
| माछापुच्छ्रे | १,६२४.६६ | १,६३२.८२ | -०.५ |
| कुल | २२५,९७७.८५ | २११,८९४.४५ | ६.६५ |

*स्रोत : नेपाल राष्ट्र बैंक*




# सिमेन्ट उद्योगी र निर्माण व्यवसायीले सिमेन्टको अधितकम मूल्य सिफारिश गर्ने

**अभियान संवाददाता**
काठमाडौं

सिमेन्ट उद्योगी र निर्माण व्यवसायीले सिमेन्टको अधिकतम मूल्य सरकारलाई प्रस्ताव गर्ने भएका छन् । सार्वजनिक निर्माणले गति लिने समयमा सिमेन्ट उद्योगहरूले सिमेन्टको भाउ प्रतिबोरा १५० रुपैयाँभन्दा धेरैले बढाएपछि निर्माण व्यवसायीले यसले उनीहरूको लागत बढाउने भन्दै विरोध गर्दै आएका थिए ।

बुधवार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको अध्यक्षतामा सरकारी अधिकारीहरू, निर्माण व्यवसायी र सिमेन्ट उद्योगीबीच भएको छलफलमा सिमेन्ट उद्योगी र निर्माण व्यवसायीहरू सिमेन्टको हालको मूल्य पुनर्विचार गरी अधिकतम मूल्य सिफारिश गर्न सहमत भएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका सूचना अधिकारी डिकबहादुर कार्कीले बताए ।

'मूल्य वृद्धिले सार्वजनिक निर्माणदेखि घर निर्माणसम्ममा पर्ने असरलाई विचार गरेर मूल्य केही घटाउन सिमेन्ट उद्यागीहरूलाई आग्रह गर्नुभयो,' कार्कीले भने, 'त्यसपछि सिमेन्ट उद्योगी र निर्माण व्यवसायी आपसमा छलफल गरी अधिकतम मूल्य सिफारिश गर्न सहमत भएका छन् ।'

तर, नेपाल व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले काठमाडौंमा अर्डिनरी पोर्टल्यान्ड सिमेन्ट (ओपीसी) को अधिकतम खुद्रा मूल्य ७०० रुपैयाँ प्रतिबोरा र पोर्टल्यान्ड पाजोलाना सिमेन्ट (पीपीसी)को अधिकतम मूल्य ६०० रुपैयाँ प्रतिबोरा गर्न सिमेन्ट उद्योगी राजी भएको दाबी गरे । उनका अनुसार हाल ओपीसीको मूल्य प्रतिबोरा ८८० रुपैयाँ र पीपीसीको ७८० रुपैयाँ पुगेको छ ।

सिमेन्ट उद्योगीहरू धेरै महीनादेखि घाटामा चलाउनुपरेकाले उद्योग बचाउनकै लागि मूल्य बढाउनु परेको बताउँछन् । 'कतिपय सिमेन्ट उद्योगले मासिक करोडौं घाटा बेहोरेर विक्री गरेका छन् । अहिले निर्माणको सिजन पनि शुरू भएको र माग पनि बढेको हुँदा सिमेन्टको मूल्य बढेको हो,' नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारूले गत हप्ता आर्थिक अभियानसँग भनेका थिए ।

अहिले अर्थतन्त्र सुस्ताएको र सिमेन्टको माग पनि बजारमा कम भएको बेला एक्कासि कार्टेल गरी मूल्य बढाएको भन्दै निर्माण व्यवसायीले सार्वजनिक निर्माणको काम नै नथाल्ने चेतावनी दिएका थिए । त्यस्तो चेतावनी बुधवारको बैठकमा पनि उनीहरूले दिए ।

सिमेन्ट उद्योगीहरू शुरूमा मूल्य घटाउन राजी नभए पनि मन्त्री र अन्य सरोकारवालाको आग्रहपछि त्यसमा पुनर्विचार गर्न राजी भएका थिए । 'त्यसपछि सिमेन्ट उद्योगी र निर्माण व्यवसायीबीच छलफलबाट अधिकतम मूल्य सिफारिश गर्ने सहमति जुटेको हो,' कार्कीले भने, 'उनीहरूले आगामी २-३ दिनमा आफ्नो सुझाव प्रस्ताव गर्ने कुरा भएको छ ।'



# अमेरिकी ऋण सम्झौताबाट पछि हट्यो अडानी समूह

नयाँदिल्ली । भारतको अडानी समूहले श्रीलंकामा बन्दरगाह बनाउन अमेरिकी सरकारको समर्थनमा ऋणका लागि गरेको अनुरोध फिर्ता लिएको छ । न्यूयोर्कमा यो समूहविरुद्ध महत्त्वपूर्ण अभियोग दर्ता भएको केही हप्तापछि यो कदम आएको हो ।

अभियोगमा समूहका संस्थापक गौतम अडानीमाथि घुसखोरी योजनामा जानीजानी अन्तरराष्ट्रिय लगानीकर्तालाई झुक्याएको आरोप लगाइएको छ । अडानी पोर्ट्स एन्ड स्पेशल इकोनोमिक जोन लिमिटेडले मंगलवारको एक विवरणमा यो समूहले कोलम्बो वेस्ट इन्टरनेशनल टर्मिनल निर्माणका लागि युनाइटेड स्टेट्स इन्टरनेसनल डेभलपमेन्ट फाइनान्स कर्पोरेसन (डिएफसी)बाट ५५ करोड ३० लाख डलर ऋणका लागि गरेको अनुरोध फिर्ता लिएको उल्लेख गरेको छ ।

'यस परियोजनाले राम्रोसँग प्रगति गरिरहेको छ र अर्को वर्षको शुरूमा सम्पन्न हुने बाटोमा छ,' विज्ञप्तिमा भनिएको छ, 'यस परियोजनालाई कम्पनीको आन्तरिक स्रोत र पूँजी व्यवस्थापन योजनामार्फत वित्त पोषण गरिनेछ ।'

बन्दरगाहको अनुमानित लागत ७० करोड अमेरिकी डलर छ । यो चीनद्वारा सञ्चालित यस्तै सुविधाको नजिक रहेको छ । डिएफसीसँगको ऋण सम्झौतालाई गतवर्ष अन्तिम रूप दिइएको थियो । यस परियोजनालाई हिन्द महासागरमा पेचिङको बढ्दो प्रभावको प्रतिरोध गर्ने माध्यमका रूपमा हेरिएको थियो ।

**यो समूहले कोलम्बो वेस्ट इन्टरनेशनल टर्मिनल निर्माणका लागि युनाइटेड स्टेट्स इन्टर नेसनल डेभलपमेन्ट फाइनान्स कर्पोरेसन (डिएफसी)बाट ५५ करोड ३० लाख डलर ऋणका लागि गरेको अनुरोध फिर्ता लिएको उल्लेख छ ।**

श्रीलंका विश्वको सबैभन्दा व्यस्त जलमार्गको बीचमा अवस्थित छ, जसले मध्यपूर्व तथा पूर्वी एसियालाई जोड्छ । यसअघि भारत र अमेरिकाले पनि पेचिङले श्रीलंकाको हम्बनटोटा बन्दरगाहमा आफ्नो पकड कायम राखेर सैन्य फाइदा लिन सक्ने चिन्ता व्यक्त गरेका थिए ।

नोभेम्बरमा अडानीविरुद्ध अभियोग लगाइएपछि श्रीलंकाले बन्दरगाह र ४४ करोड २० लाख डलरको ऊर्जा सम्झौतासहित समूहको स्थानीय परियोजनाको अनुसन्धान शुरू गरेको थियो । अमेरिकी अभियोजकहरूले यसका संस्थापक र अन्य वरिष्ठ अधिकारीहरूमाथि भारतीय सरकारी अधिकारीहरूलाई घुस दिएको आरोप लगाउँदै अभियोग दर्ता गरेका छन् । यसपछि अडानी समूहले करीब ५५ अर्ब अमेरिकी डलर बराबरको शेयर बजार पूँजीकरण गुमाएको छ ।

कोइला, विमानस्थल, सिमेन्ट र मिडियामा लगानी रहेको अडानी समूहले पहिले पनि कर्पोरेट धोखाधडीका आरोपको सामना गरेको छ । गतवर्ष उनले शेयर बजारमा यस्तै झट्का सामना गरेको थियो । हिन्डेनबर्ग रिसर्चको एक प्रतिवेदनले 'निर्लज्ज' कर्पोरेट जालसाजीको आरोप लगाएपछि समूहलाई शेयर बजार पूँजीकरणमा एक खर्ब ५० अर्ब डलरको घाटा भएको थियो । *एजेन्सी*

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०८/२७ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।
**उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

**तपसिल**

### बयलबास, सर्लाही शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा सर्लाहीमा मिति २०७३/१०/२६ मा प्रा.फ.र.नं. ६१५९/०७३/०७४ कायम भई दर्ता रही सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. वडा नं. ५ (सर्लाही जिल्ला ईश्वरपुर न.पा वडा नं. ०१) स्थित रजिष्टर्ड कार्यालय रहेको **राम जानकी फर्निचर उद्योग ।**<br>**प्रोप्राईटर - छठु ठाकुर लोहार** | १. **छठु ठाकुर लोहार**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोकनाहा गा.वि.स./न.पा. वडा नं. ६घ स्थित कित्ता नं. ४३४ को क्षे.फ.०-१-५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।<br>२. ऋणी **राम जानकी फर्निचर उद्योग**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **छठु ठाकुर लोहार**<br>ना.प्र.नं.- १९३०५१/२०२७<br>जारी मिति - २०६३/१०/२४ जि.प्र.का. सर्लाही<br>बाबु - बसु ठाकुर लोहार<br>बाजे - मखन ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१<br>२. **चन्दन कुमार ठाकुर लोहार**<br>ना.प्र.नं.- १९-०२-७८-०५४१२<br>जारी मिति - २०७८/०९/१८ जि.प्र.का. सर्लाही<br>बाबु - छठु ठाकुर लोहार<br>बाजे - बसु ठाकुर लोहार<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१<br>हालको ठेगाना- ऐ.ऐ | ३. **देवी कुमारी ठाकुर लोहार**<br>ना.प्र.नं.- ६०७३२७६५<br>जारी मिति - २०५७/०७/३० जि.प्र.का. सर्लाही<br>बाबु - कृष्ण नन्दन ठाकुर लोहार<br>ससुरा - बसु ठाकुर लोहार<br>पति - छठु ठाकुर लोहार<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मानपुर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा वडा नं. ०१ |

### टिकापुर, कैलाली शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| क. **सुष्मिता चौधरी (लामा)**<br>ना.प्र.नं.- ६७२०३२/६१५३२<br>जारी मिति - २०७२/१२/१७, जि.प्र.का. कैलाली<br>बाबु - दुर्गा प्रसाद चौधरी<br>बाजे - बुद्धि चौधरी<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी त्रिशक्ति गा.वि.स./न.पा., वडा नं. ५<br>हालको ठेगाना- कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. १ | १. **सुष्मिता चौधरी(लामा)**को नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, दुर्गौली गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ११८३ को क्षे.फ. ३३८.६३ (ब.मी.) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **खरवुसन देवी डगौरा**<br>ना.प्र.नं.-५९६९,<br>जारी मिति - २०५०/०२/२३, जि.प्र.का. कैलाली<br>बाबु - काली राम डगौरा<br>पति - रामदिन डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा., वडा नं. ८<br>हालको ठेगाना- कैलाली जिल्ला, भजनी न.पा., वडा नं. १<br>२. **रामदिन डगौरा**<br>ना.प्र.नं.- १२२३२९०२,<br>जारी मिति - २०४३/१०/१६, जि.प्र.का. कैलाली<br>बाबु - छिकान डगौरा<br>नाति - लाल सिह<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा., वडा नं. १<br>हालको ठेगाना- कैलाली जिल्ला, भजनी न.पा., वडा नं. १ | ३. **नरेश कुमार चौधरी**<br>ना.प्र.नं.- ६७२०३१/५६४१,<br>जारी मिति - २०६५/०३/०१, जि.प्र.का. कैलाली<br>बाबु - रामदिन डगौरा<br>नाति - छिकान डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा.,वडा नं. ८<br>हालको ठेगाना- कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. १ |

| २. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ख. **नरेश कुमार चौधरी**<br>ना.प्र.नं.- ६७२०३१/५६४१,<br>जारी मिति - २०६५/०३/०१, जि.प्र.का. कैलाली<br>बाबु - रामदिन डगौरा<br>नाति - छिकान डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा., वडा नं. ८<br>हालको ठेगाना- कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. १ | १. **रामदिन डगौरा**को नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, नवलपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ३९० को क्षे.फ. १७,३३८.३४ (व.मी.) घर/जग्गा तथा सो को सम्पुर्ण लिगलगापातहरु । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **खरवुसन देवी डगौरा**<br>ना.प्र.नं.-५९६९,<br>जारी मिति - २०५०/०२/२३, जि.प्र.का. कैलाली<br>बाबु - काली राम डगौरा<br>पति - रामदिन डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा., वडा नं. ८<br>हालको ठेगाना- कैलाली जिल्ला, भजनी न.पा., वडा नं. १<br>२. **रामदिन डगौरा**<br>ना.प्र.नं.- १२२३२९०२,<br>जारी मिति - २०४३/१०/१६, जि.प्र.का. कैलाली<br>बाबु - छिकान डगौरा<br>नाति - लाल सिह<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा., वडा नं. १<br>हालको ठेगाना- कैलाली जिल्ला, भजनी न.पा., वडा नं. १ | ३. **सुष्मिता चौधरी (लामा)**<br>ना.प्र.नं.- ६७२०३२/६१५३२<br>जारी मिति - २०७२/१२/१७, जि.प्र.का. कैलाली<br>बाबु - दुर्गा प्रसाद चौधरी<br>बाजे - बुद्धि चौधरी<br>स्थायी ठेगाना- कैलाली जिल्ला, भजनी त्रिशक्ति गा.वि.स./न.पा., वडा नं. ५<br>हालको ठेगाना- कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. १ |

### सुर्खेत शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **सरस्वती रावत**<br>ना.प्र.नं.- ६३-०१-७१-०१३४८<br>जारी मिति - २०७१/०६/२४ जि.प्र.का. दैलेख<br>बाबु - देब बहादुर बिष्ट<br>बाजे - पुध बिष्ट<br>स्थायी ठेगाना- दैलेख जिल्ला, बिशाला गा.वि.स, वडा नं. ५(हाल सुर्खेत जिल्ला बिरेन्द्रनगर न.पा वडा नं. ०१)<br>हालको ठेगाना- ऐ.ऐ | १. **सरस्वती रावत**को नाममा मालपोत कार्यालय, सर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाँडा गा.वि.स./न.पा. वडा नं. ५ख स्थित कित्ता नं. २३१९ र २६०१ को क्षे.फ. क्रमश ८०.०० र ३.०८ (व.मी) को घर /जग्गा तथा सोको सम्पूर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **तपेन्द्र कुमार रावत**
ना.प्र.नं.- ६३१०४९/५५
जारी मिति - २०६५/०१/१५ जि.प्र.का. दैलेख
बाबु - बालाराम रावत
बाजे - अम्मर सिंह रावत
स्थायी ठेगाना- दैलेख जिल्ला, ठाटीकाध गा.पा., वडा नं. ३ (साविक बिशाला गा.वि.स. वडा नं. ०५)
हालको ठेगाना- ऐ.ऐ.

### चन्द्रगढी शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **गौरी माया लिम्बु**<br>ना.प्र.नं.- ०३-०१-६९-०३४०९,<br>जारी मिति - २०६९/१२/०४, जि.प्र.का. इलाम<br>बाबु - जित बहादुर लिम्बु<br>बाजे - लाल बहादुर लिम्बु<br>स्थायी ठेगाना- इलाम जिल्ला, माई न.पा., वडा नं. ०५<br>हालको ठेगाना झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०५ | १. **अम्वर बहादुर कार्की**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स.वडा नं. ०२ स्थित कित्ता नं. २३२४ को जग्गा क्षेत्रफल ०-०-१८ (बि-क-धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **अम्बर बहादुर कार्की**
ना.प्र.नं.- १८२४१९८५
जारी मिति - २०६१/११/१२, जि.प्र.का. झापा
बाबु - मान बहादुर कार्की
बाजे - हस्त बहादुर कार्की
स्थायी ठेगाना- झापा जिल्ला, राजगढ गा.वि.स. वडा नं. ४
हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५

### ठिमी शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **सुदिप घिमिरे**<br>ना.प्र.नं.- ३०-०१-७१-०५४८०<br>जारी मिति - २०७१/०६/०८, जि.प्र.का. काभ्रे<br>बुबा – रघुनाथ घिमिरे<br>बाजे – गंगाधर घिमिरे<br>स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा न.पा/गा.वि.स., वडा नं. ०७<br>हालको ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ | १. **सावित्रा घिमिरे**को नाममा मालपोत कार्यालय काभ्रे मा दर्ता कायम रहेको काभ्रे जिल्ला, टुकुचा नाला गा.पा/न.पा., वडा नं. ५ स्थित कित्ता नं. ५४ र ६८५ को क्षे.फ. क्रमश ५-९-१-०.२५ र २-०-०-० जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. **सावित्रा घिमिरे**<br>ना.प्र.नं.- ११६७०/१२२१,<br>जारी मिति - २०४५/०२/१८, जि.प्र.का. काभ्रे<br>बुबा – भोजनाथ सापकोटा<br>बाजे – मनोरथ सापकोटा<br>स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा गा.वि.स., वडा नं. ७<br>हालको ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा, वडा नं. ०२ | २. **प्रदिप घिमिरे**<br>ना.प्र.नं.- १२६७०६,<br>जारी मिति - २०६१/०१/०३, जि.प्र.का. काभ्रे<br>बुबा – रघुनाथ घिमिरे<br>बाजे – गंगाधर घिमिरे<br>स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा गा.वि.स., वडा नं. ७<br>हालको ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा, वडा नं. ०२ |

### महेन्द्रनगर शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **कोशिला देवी चौधरी**<br>ना.प्र.नं.- १७१०५०/१०५२<br>जारी मिति - २०६९/०४/३०, जि.प्र.का. धनुषा<br>बुबा – चन्दर चौधरी थारु<br>बाजे – सुनर चौधरी<br>स्थायी ठेगाना- धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स., वडा नं. ०५ (हाल धनुषाधाम न.पा.वडा.नं. ०७) | १. **पाने चौधरी थारु**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, यज्ञभुमी गा.वि.स./न.पा. वडा नं. ५ग स्थित कित्ता नं. ५९४ को क्षे.फ. ०-१-०-० (विगाहा) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **पाने चौधरी थारू**<br>ना.प्र.नं.- ५५४०१४५९<br>जारी मिति - २०३९/११/१५, जि.प्र.का. सिराहा<br>बुबा – अवध चौधरी<br>बाजे – जुयालाल चौधरी<br>स्थायी ठेगाना- सरहा जिल्ला, मझौलीया गा.वि.स., वडा नं. ९ (हाल धनुषाधाम न.पा.वडा.नं. ०७) | २. **आशाराम चौधरी**<br>ना.प्र.नं.- ८५४०४५०२<br>जारी मिति - २०६२/०४/११, जि.प्र.का. सिराहा<br>बुबा – पाने चौधरी थारु<br>बाजे – अवध चौधरी<br>स्थायी ठेगाना- सिराहा जिल्ला, विष्णपुर प्र.पा. गा.वि.स., वडा नं. ०८ (हाल धनुषाधाम न.पा.वडा.नं. ०७) |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# एनपिएलबाट बाहिरियो लुम्बिनी लायन्स



काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामा लुम्बिनी लायन्स काठमाडौं गुर्खाजसँग १८ रनले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ । एनपिएलबाट बाहिरिने लुम्बिनी पहिलो टोली हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधवार भएको खेलमा काठमाडौंले जितका लागि दिएको एक सय चार रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनी १९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटियो । लुम्बिनीका लागि सन्दीप जोराले सर्वाधिक २६ रन बनाए । उनले २९ बलमा दुई चौका प्रहार गरे ।

त्यसैगरी, उन्मुक्त चन्दले १९ बलमा १३ रन बनाउँदा सूर्य तामाङ ११ रन जोड्दै अविजित रहे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । कप्तान रोहित पौडेल आठ, टम मुर्स ६ तथा ओपनर आशुतोष घिरैया चार रनमा आउट भए । काठमाडौंका लागि कप्तान करण केसीले चार विकेट लिए भने दीपेश कँडेलले तीन विकेट लिए । त्यस्तै, जेहार्ड एरास्मसले दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको काठमाडौंले १९ दशमलव दुई ओभरमा एक सय तीन रनको योगफल बनाएको थियो । काठमाडौंका लागि भीम सार्कीले सर्वाधिक ३१ रन बनाए । भीमले ४० बलमा एक चौका प्रहार गरेका थिए । त्यस्तै, ड्यान ड्वाथवेटले २१ रन बनाएर आउट भए । प्रतीक श्रेष्ठले २० रन बनाउँदा स्टेफन स्केनाजी १३ रनमा आउट भए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

लुम्बिनीका लागि साद विन जाफरले तीन विकेट लिए भने अभिषेस गौतम र रेमन सिमण्डसले समान दुई-दुई विकेट लिए । त्यस्तै, सूर्य तामाङ र विवेक यादवले समान एक-एक विकेट लिए ।

पराजित लुम्बिनीको ६ खेलमा पाँचमा हार र एकमा जितसहित दुई अंक छ । यस हारसँगै लुम्बिनी लिग चरणको एक खेल अगावै प्रतियोगिताबाट बाहिरिएको हो । लुम्बिनी यसअघि विराटनगर किंग्स, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्ससँग पराजित भएको थियो । *रासस*

# ढोरपाटनमा १० नाउर र ५ झारलको शिकार

गलकोट (बागलुङ) । यस वर्षको पहिलो शिकार याममा १० नाउर र पाँच झारलको शिकार गरिएको छ । नेपालको वैधानिक शिकार खेल्न मिल्ने एकमात्र क्षेत्र ढोरपाटन शिकार आरक्षमा यस वर्षको पहिलो शिकार याममा १२ नाउर र आठ झारलको शिकार गर्न चार कम्पनीमार्फत १२ विदेशी सिकारले अनुमति प्राप्त गरेका थिए ।

एउटा नाउरको शिकार गर्नका लागि अनुमति प्राप्त शिकारी आउन नपाएको र एक जना शिकारी नाउर शिकार गर्न असमर्थ भएको ढोरपाटन शिकार आरक्ष कार्यालय बागलुङले जनाएको छ ।

जंगली जनावर नाउर र झारलको शिकार गर्न यस पटक अमेरिका, स्पेन, नेदल्याण्ड्स र मेक्सिकोका १२ व्यावसायिक शिकारीले अनुमति प्राप्त गरेका थिए । शिकार आरक्ष कार्यालय बागलुङका सूचना अधिकारी पशुपति अधिकारीका अनुसार अमेरिकाका एक शिकारी राजस्व बुझाएर समेत नाउरको शिकार खेल्न ढोरपाटन नआएको तथा अर्का अमेरिकाकै शिकारीले नाउर मार्न असफल भएका छन् । *रासस*

## काठ/दाउरा लिलाम विक्री सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति २०८१/०८/२७**

यस कार्यालय मातहतका विभिन्न घाटगद्दी स्थानमा वेवारिसे अवस्थामा बरामद तथा विभिन्न राष्ट्रिय वन क्षेत्र एवं सरकारी तथा गैह्रसरकारी कार्यालयको परिसरमा रहेका रुखहरुको नियमानुसार कटान, मुछान गरी उत्पादन भई विभिन्न लटमा राखिएको बिभिन्न जातको ६८७१.५९ क्यू.फि. काठ र २७.५२ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान नियमानुसार दर्ता तथा नवीकरण भई 'वन नियमावली २०७९' को नियम १२८ बमोजिम सूचिकृत भएका इच्छुक व्यक्ति/फर्म/संस्था तथा काठ व्यवसायीहरुले यो सूचना आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र यस कार्यालयमा प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र डिभिजन वन कार्यालय सुर्खेत वा प्रदेश वन निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतबाट सिलबन्दी बोलपत्र खरिद गरी २२ (बाईस) औं दिनको १२:०० बजे भित्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारी यस कार्यालयको फोन नं. ०८३-५२०२५५ वा ९८५८०७८५५६, ईमेल surkhetdfo@gmail.com मा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**डिभिजन वन कार्यालय**
**सुर्खेत, वीरेन्द्रनगर**

## मैनावती स्टील इण्डष्ट्रिज लिमिटेड

रजिष्टर्ड कार्यालय, बिराटनगर-७, मोरङ, नेपाल

### दोश्रो वार्षिक साधारण सभाको सूचना

मिति २०८१/०६/११ मा सम्पन्न यस कम्पनीको सञ्चालक समितिको २३ औं बैठकको निर्णयानुसार कम्पनीको दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८१ साल पुष २२ गते, सोमबार (तदनुसार ०६ जनवरी २०२५)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, बिराटनगर-७
समय : बिहानको १०:०० बजे ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची (Agenda):**
१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालकहरुको पारिश्रमिक, भत्ता इत्यादि निर्धारण गर्ने सम्बन्धमा ।
५. कम्पनीलाई आवश्यक पर्ने नीति, नियम, निर्देशिका बनाउन अख्तियारनामा दिने,
६. संचालक समितिको कार्यहरुको अनुमोदन गर्ने,
७. चन्दा तथा अनुदान सहयोग सम्बन्धमा ।
८. विविध ।

आज्ञाले,
आनन्द संगम अधिकारी
(कम्पनी सचिव)

# सूर्य नेपाल काठमाडौं ओपनको दोस्रो दिन विष्णुलाई अग्रता

काठमाडौं (अस) । 'सूर्य नेपाल गल्फ टुर २०२४/२५' अन्तर्गत दोस्रो प्रतियोगिता 'सूर्य नेपाल काठमाडौं ओपन'को दोस्रो दिन विष्णुप्रसाद शर्मा एक स्ट्रोकको अग्रतासहित शीर्षस्थानमा उक्लिएका छन् । रोयल नेपाल गल्फ क्लबमा बुधवार ४-अन्डर ६४ सहित समग्रमा ७-अन्डर १२९ को उत्कृष्ट नतीजामा विष्णुले डिफेन्डिङ च्याम्पियन निरज तामाङलाई एक स्ट्रोकले पछि पारेका हुन् । ३-अन्डर ६५ स्कोर गरेका निरजसमग्रमा ६-अन्डर १३० सहित दोस्रो स्थानमा रहेका छन् ।




एमेच्योर सद्भाव आचार्यले ३-अन्डर ६५ को कार्ड तयार पार्दा समग्रमा ५-अन्डर १३१ सहित तेस्रो स्थानमा उक्लिएका छन् भने दिनेश प्रजापतिले ५-अन्डर ६३ को स्कोर जोड्दा समग्रमा ४-अन्डर १३२ सहित चौथो स्थानमा उक्लिएका छन् ।

पहिलो दिनका लिडर जयराम श्रेष्ठले समग्रमा २-अन्डर १३४ सहित पाँचौंस्थानमा तल झरेका छन् । एमेच्योर राहुल विके र भेट्रान प्रो. दीपक मगर समग्रमा १-अन्डर १३५ सहित संयुक्तरुपमा छैटौंस्थानमा रहेका छन् । समग्रमा १-ओभर १३७ सहित धन बहादुर थापा र नेपालनम्बर एक प्रो भुवन नगरकोटीले संयुक्त रूपमा आठौं स्थानबाँडेका छन् ।

प्रतियोगिताको पुरस्कार राशी कुल ७ लाख ३५ हजार रुपैयाँ रहेको छ । विजेताले उपाधिसँगै १ लाख ५० हजार प्राप्त गर्ने बताइएको छ । दोस्रो र तेस्रो हुने खेलाडीले क्रमशः ८५ हजार र ६८ हजार नगद पुरस्कार हात पार्नेछन् ।

# सिटिजन्स बैंकका ग्राहकलाई भोकमन्त्रमा छूट



काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको गोंगबुस्थित भोकमन्त्र प्रालिबीच सिटिजन्स बैंकका ग्राहकलाई विशेष छूट दिने समझदारी भएको छ । सो समझदारीपत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले भोकमन्त्रमा १० प्रतिशतसम्मको आकर्षक छूट पाउने छन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ ।

बैंकले डिजिटल बैंकिङको प्रयोग बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ ।

हालैमात्र प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त बैंकले केही समय अघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ । भौतिक कार्ड विना नै मोबाइलको माध्यमबाट स्क्यान गरी क्रेडिट कार्डको सुविधा उपभोग गर्न सकिने विशेषता यस भर्च्युअल क्रेडिट कार्डमा रहेको बताइएको छ ।

# आसिफ शेख 'आइएमई पे'को ब्राण्ड एम्बेसेडर

काठमाडौं (अस) । डिजिटल वालेट 'आइएमई पे'ले नेपाली क्रिकेटर आसिफ शेखलाई ब्राण्ड एम्बेसेडर घोषणा गरेको छ । नेपालको राष्ट्रिय क्रिकेट टिममा दायाँ हाते विकेटकिपर/ब्याट्सम्यानको रूपमा पहिचान बनाएका शेखले विभिन्न राष्ट्रिय र अन्तरराष्ट्रिय क्रिकेट खेलमा कम उमेरमै कैयौं किर्तिमान प्राप्त गरिसकेका छन् ।



नेपाली क्रिकेट प्रतिको समर्थन जारी राख्दै यो साझेदारी खेलकुद र डिजिटल भुक्तानीलाई जोड्ने एक उत्कृष्ट कदम हुने कम्पनीको भनाइ छ । 'यो साझेदारीले डिजिटल फाइनान्सको सम्भाव्यतालाई नेपाली क्रिकेटको जोशसँग जोड्न महत्त्वपूर्ण कदम चालेको छ,' आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले बताए ।

आइएमई पे मोबाइल वालेटमार्फत सेवाग्राही आफैले अथवा एजेन्टमार्फत विभिन्न किसिमका भुक्तानी कार्य गर्न सक्ने बताइएको छ । यसले व्यक्ति-व्यक्ति बीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि विभिन्न अनलाइन तथा स्थलगत स्टोरमा क्यूआर स्क्यान गरी भुक्तान गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिल भुक्तान गर्न मिल्ने सेवासमेत प्रदान गर्दै आएको बताइएको छ ।

## जगदम्बा स्टील्स लि. को तेस्रो वार्षिक साधारण सभा बस्ने सूचना

**यस जगदम्बा स्टील्स लि.को मिति २०८१/०८/१७ मा बसेको संचालक समितिको निर्णय अनुसार यस लि.को तेस्रो वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

**साधारण सभा हुने मिति, समय र स्थान:**
**मिति : २०८१/०९/१९ गते शुक्रबार (तदनुसार ३ जनवरी २०२५) ।**
**समय : बिहान ११:३० बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाण्डौं ।**

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्तावहरु:**
1. संचालक समितिको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
2. आ.व. ०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
3. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु:**
1. कम्पनी ऐन, २०६३ को दफा ९३ अन्तर्गतका कारोबारहरु पारित तथा अनुमोदन गर्ने सम्बन्धमा ।
2. कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम बैंक ऋण अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
3. संचालक समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध**

**संचालक समितिको निर्णय अनुसार**
**कम्पनी सचिव**

JAGDAMBA STEEL®

# प्रभु स्टील्स एण्ड हाइड्रो इन्भेष्टमेण्टको विक्री प्रबन्धकमा कुमारी क्यापिटल

काठमाडौं (अस) । प्रभु स्टील्स एण्ड हाइड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडले कुमारी क्यापिटललाई शेयर निष्कासनका लागि विक्री प्रबन्धक नियुक्त गरेको छ । ९८ करोड रुपैयाँ बराबरको आईपीओ निष्कासन गर्ने कार्य अगाडि बढाएको कम्पनीले कुमारी क्यापिटललाई विक्री प्रबन्धक नियुक्त गरेको हो । कम्पनीमा प्रभु ग्रुप्स एण्ड कम्पनीज्अन्तर्गतका प्रभु केबलकार एण्ड टुरिजम लिमिटेड, प्रभु होल्डिङ्स एण्ड हाइड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड र हाइड्रो होल्डिङ्स एण्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेडको मुख्य लगानी रहेको बताइएको छ ।

कम्पनीले जलविद्युत्, कृषि, पर्यटन, विभिन्न उत्पादनमूलक उद्योग र साहसिक पर्यटनमा लगानी गर्दै आएको बताइएको छ । कम्पनीले हाइड्रो पावरको विभिन्न संरचनामा चाहिने मेसिन आयात गरी भण्डारण गर्ने र जलविद्युत् कम्पनीलाई सप्लाई गर्ने उद्देश्यले वीरगञ्जमा जग्गा खरीद गरेको बताइएको छ ।

# कुमारी बैंकको एटीएम तथा पीओएसमा युनियनपे कार्ड स्वीकार

काठमाडौं (अस) । कुमारी बैंक लिमिटेडले आफ्नो एटीएम तथा पीओएस (पोइन्ट अफ सेल) टर्मिनलमा युपिआई (युनियनपे इन्टरनेशनल)का कार्ड स्वीकार गर्ने भएको छ । डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै ग्राहकलाई थप सहज, सुरक्षित र आधुनिक बैंकिङको अनुभव उपलब्ध गराउने लक्ष्यका साथ यो सुविधा नेपालभर कुमारी बैंकका सम्पूर्ण एटीएम तथा पीओएस टर्मिनलमा उपलब्ध हुने बताइएको छ । यो सुविधाबाट युपिआई कार्ड प्रयोगकर्ताले कुमारी बैंकको एटीएममार्फत रकम झिक्न र पीओएस टर्मिनलमार्फत खरीद भुक्तानी गर्न सहज हुने साथै यसले व्यापारीलाई पनि लाभ हुने विश्वास बैंकको छ ।

बैंकले आफ्नो सेवाको दायरालाई व्यापक बनाउँदै डिजिटल नेपालको अभियानमा थप योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ । बैंकले ३०२ शाखा, ३१५ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखारहित बैंकिङ इकाइमार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आएको छ ।

## एभरेष्ट बैंक लिमिटेड हाकिमचोक, सतुंगल र गरुडा तथा चन्द्रनिगाहापुर शाखा कार्यालयको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सूचना ।

यस एभरेष्ट बैंक लि. **हाकिमचोक, सतुंगल र गरुडा तथा चन्द्रनिगाहापुर** शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको विभिन्न ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तानी गर्न आउनुहुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा** सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज आदि चुक्ता भुक्तानी गर्नुहोला । यसरी दिईएको उक्त समयावधी भित्र कर्जा नियमित वा चुक्ता गर्न नसके बैंकले अन्य कानुनी कारवाही अवलम्वन गरी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै तपसिलका ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षणमा व्यक्तिगत जमानी दिने तपसिल बमोजिमका व्यक्तीहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएकोछ ।

**तपसिल**

**शाखा कार्यालयः हाकिमचोक, भरतपुर फोन नं.: ०५६-५९०३२८/५९०४२८ ।**

| सि.नं. | ऋणीको विवरण | व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर ठेगाना | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर चितवनमा, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३८ बमोजिम, प्रमाण पत्र नं. ९५, मिति २०७५।०५।०७, मा दर्ता कायम रहेको **आदित्य पोल्ट्री फर्म ।**<br>**ठेगानाः** चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं २३, कृष्णचोक ।<br>**प्रोप्राईटरः** गोपाल गिरीको नाति, मनु गिरीको छोरा चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. २३ बस्ने वर्ष ३८ को (ना.प्र.नं. ४६८५५, जारी मिति २०६०/०६/२९, जि.प्र.का. लमजुङ) **मदन गिरी ।** | १) गोपाल गिरीकी बुहारी, मनु गिरीकी पत्नी लम्जुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २३ बस्ने वर्ष ६२ की (ना.प्र.नं. ६९९४, जारी मिति २०४५/०२/११, जि.प्र.का. लमजुङ) **झनमाया गिरी ।**<br>२) मनु गिरीकी बुहारी, मदन गिरीकी पत्नी चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. २१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २३ बस्ने वर्ष ३८ की (ना.प्र.नं. १७३८/०४४, जारी मिति २०६१/०१/०८, जि.प्र.का. चितवन) **देवकी गिरी ।**<br>३) गोपाल गिरीकी नातिनी, मनु गिरीकी छोरी लम्जुङ जिल्ला, भार्ते गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २३ बस्ने वर्ष ३० की (ना.प्र.नं. ४५-०१-६९-०४५९०, जारी मिति २०६९/१२/२०, जि.प्र.का. लमजुङ) **सोविता गिरी ।** | १) गोपाल गिरीको नाति, मनु गिरीको छोरा चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. २३ बस्ने वर्ष ३८ को (ना.प्र.नं. ४६८५५, जारी मिति २०६०/०६/२९, जि.प्र.का. लमजुङ) **मदन गिरी**को नाममा मालपोत कार्यालय चनौलीमा दर्ता श्रेता कामम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स/न.पा. वडा नं ३ ख स्थित **कित्ता नं. ५९० को क्षेत्रफल ४६५.६३ ब.मी** को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२) ऋणी **आदित्य पोल्ट्री फर्म**को नाममा रहे भएको भरतपुर महानगरपालिका वडा नं. २३, कृष्णचोक स्थित घर/गोदाममा भएका सम्पूर्ण मालवस्तुहरु तथा चल सम्पत्तिहरु र आफ्ना आसामीहरुबाट उठाउन पाउने रकम (Book Debts) समेत । |

**शाखा कार्यालयः सतुंगल, काठमाडौं फोन नं.: ०१-४३११०८० ।**

| सि.नं. | ऋणीहरुको विवरण | व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर ठेगाना | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २४७८९२/०७७/०७८ अन्तर्गत दर्ता कायम भएको **एस.एण्ड एस. अल्मुनियम प्रोडक्ट प्रा.ली. ।**<br>**ठेगानाः** काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १२ ।<br>**सञ्चालकः** डम्बर बहादुर कुँवरको नाति, पदम बहादुर कुँवरको छोरा कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १२ बस्ने वर्ष ४४ को (ना.प्र.नं. ३२९, जारी मिति २०५३/०९/२६, जि.प्र.का. कपिलबस्तु) **सुरेश कुँवर ।** | १) डम्बर बहादुर कुंवरको नाति, पदम बहादुर कुंवरको छोरा कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १२ बस्ने वर्ष ४४ को (ना.प्र.नं. ३२९, जारी मिति २०५३/०९/२६, जि.प्र.का. कपिलबस्तु) **सुरेश कुंवर ।**<br>२) डम्बर बहादुर कुंवरकी बुहारी, ललित बहादुर बस्नेतकी छोरी, पदम बहादुर कुँवरकी पत्नी कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. १ बस्ने वर्ष ७३ की (ना.प्र.नं ३१९, जारी मिति २०४३/०९/१३, जि.प्र.का. कपिलबस्तु) **मिठू देवी कुवर क्षेत्रीनी ।**<br>३) डम्बर बहादुर कुंवरको नाति, पदम बहादुर कुंवरको छोरा कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. १ बस्ने वर्ष ५० को (ना.प्र.नं ४।६८७, जारी मिति २०५०/०३/२७, जि.प्र.का. कपिलबस्तु) **मुकेश कुँवर ।**<br>४) नर बहादुर कार्कीकी नातिनी, मेघ बहादुर कार्कीकी छोरी मोरङ्ग जिल्ला, सिजुवा नगरपालिका/गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १२ बस्ने वर्ष ४१ की (ना.प्र.नं. १४२८८-१४२, जारी मिति २०५९/०८/१३, जि.प्र.का. मोरङ्ग) **संगिता कार्कि ।**<br>५) पदम बहादुर कुंवरकी बुहारी, धन बहादुर गिरीकी छोरी, मुकेश कुँवरकी पत्नी कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. १ बस्ने वर्ष ४५ की (ना.प्र.नं. २५१७, जारी मिति २०५५/१२/१६, जि.प्र.का. काठमाडौं) **सिता कुँवर ।** | १) डम्बर बहादुर कुंवरको नाति, पदम बहादुर कुँवरको छोरा कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १२ बस्ने वर्ष ४४ को (ना.प्र.नं. ३२९, जारी मिति २०५३/०९/२६, जि.प्र.का. कपिलबस्तु) **सुरेश कुंवर**को नाममा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला छो भगवानपुर ७ च हाल शिबराज १ स्थित **कित्ता नं. ११०७ र १४५७** को **क्षेत्रफल क्रमशः ०-१-४ (बि.क.धु) र ०-२-० (बि.क.धु)** को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२) डम्बर बहादुर कुंवरकी बुहारी, ललित बहादुर बस्नेतकी छोरी, पदम बहादुर कुंवरकी पत्नी कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. १ बस्ने वर्ष ७३ की (ना.प्र.नं ३१९, जारी मिति २०४३/०९/१३, जि.प्र.का. कपिलबस्तु) **मिठू देवी कुवर क्षेत्रीनी**को नाममा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, छो भगवानपुर ७ च, हाल शिबराज १ स्थित **कित्ता नं. १५०७** को **क्षेत्रफल ०-०-८-२ (बि.क.धु.क)** को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>३) डम्बर बहादुर कुंवरको नाति, पदम बहादुर कुंवरको छोरा कपिलवस्तु जिल्ला, शिवपुर नगरपालिका/गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. १ बस्ने वर्ष ५० को (ना.प्र.नं ४।६८७, जारी मिति २०५०/०३/२७, जि.प्र.का. कपिलबस्तु) **मुकेश कुँवर**को नाममा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला छो भगवानपुर ७ च हाल शिबराज १ स्थित **कित्ता नं. १५०८** को **क्षेत्रफल ०-०-१०-० (बि.क.धु.क)** को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| २. | खुब बहादुर खड्काकी बुहारी, कुमार बहादुर क्षेत्रीकी छोरी, बिनोद खड्काकी पत्नी धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १, दहचोक बस्ने वर्ष ४१ की (ना.प्र.नं. १३४९ रौतहट, जारी मिति २०६१/०९/१५, जि.प्र.का. धनुषा) **गीता नेपाल....१** र नर बहादुर खड्काको नाति, खुब बहादुर खड्काको छोरा धनुषा जिल्ला, पुष्पलाल गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १, दहचोक बस्ने वर्ष ४६ को (ना.प्र.नं. ७५४४१२००, जारी मिति २०५५/११/२९, जि.प्र.का. धनुषा) **विनोद खड्का....१** समेत जना दुई । | १) खुब बहादुर खड्काकी बुहारी, कुमार बहादुर क्षेत्रीकी छोरी, बिनोद खड्काकी पत्नी धनुषा जिल्ला, मिथिला न.पा. वडा नं ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १, दहचोक बस्ने वर्ष ४१ की (ना.प्र.नं. १३४९ रौतहट, जारी मिति २०६१/०९/१५, जि.प्र.का. धनुषा) **गीता नेपाल ।** | १) खुब बहादुर खड्काकी बुहारी, कुमार बहादुर क्षेत्रीकी छोरी, बिनोद खड्काकी पत्नी धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १, दहचोक बस्ने वर्ष ४१ की (ना.प्र.नं. १३४९ रौतहट, जारी मिति २०६१/०९/१५, जि.प्र.का. धनुषा) **गीता नेपाल**को नाममा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ८ ग (हाल काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १) स्थित **कित्ता नं. ३५८** को **क्षेत्रफल ०-४-१-० (रो-आ-पै-दा)** को घरजग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

**शाखा कार्यालयः चन्द्रनिगाहपुर, रौतहट फोन नं. ०५५-५४०६४२ तथा गरुडा, रौतहट फोन नं.: ०५५-५६५०६८ ।**

| सि.नं. | ऋणीहरुको विवरण | व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर ठेगाना | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | अनुपलाल मिश्रको नाति, पारसनाथ मिश्रको छोरा सर्लाही जिल्ला, बलरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५ शिवनगर बस्ने वर्ष ४३ को (ना.प्र.नं. ०६३६३३६१, जारी मिति २०५९/०७/१४, जि.प्र.का. सर्लाही) **अनिल कुमार मिश्र....१** तथा निजको एकाघरकी पत्नी पारसनाथ मिश्रकी छोरी, पारसनाथ मिश्रकी बुहारी, अनिल कुमार मिश्रकी पत्नी रौतहट जिल्ला, मत्सरी गा.वि.स. वडा नं. ३ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५, शिवनगर बस्ने वर्ष ३६ की (ना.प्र.नं. ३३२५, जारी मिति २०६१/११/१७, जि.प्र.का. रौतहट) **अंजनी कुमारी मिश्र....१** समेत जना दुई । | १) पारसनाथ मिश्रकी बुहारी, अनिल कुमार मिश्रकी पत्नी रौतहट जिल्ला, मत्सरी गा.वि.स. वडा नं. ३ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५, शिवनगर बस्ने वर्ष ३६ की (ना.प्र.नं. ३३२५, जारी मिति २०६१/११/१७, जि.प्र.का. रौतहट) **अंजनी कुमारी मिश्र** | १) पारसनाथ मिश्रकी बुहारी, अनिल कुमार मिश्रकी पत्नी रौतहट जिल्ला, मत्सरी गा.वि.स. वडा नं. ३ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५, शिवनगर बस्ने वर्ष ३६ की (ना.प्र.नं. ३३२५, जारी मिति २०६१/११/१७, जि.प्र.का. रौतहट) **अंजनी कुमारी मिश्र**को नाममा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, महमदपुर गा.वि.स. वडा नं. ८ क हाल गरुडा न.पा. वडा नं. ५ स्थित **कित्ता नं. १०९६, २१६२ र २१६३** को जम्मा **क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-१०-० र ०-०-५-० (बि.क.धु.क)** को घर/जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत । |
| २. | निर्गुन महतोको नाति, अनुठा महतोको छोरा रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ जयनगर बस्ने वर्ष ४१ को (ना.प्र.न. १४२९, जारी मिति २०५६/०६/१७, जि.प्र.का. रौतहट) **राम सुरेश महतो....१** तथा निजको एकाघरकी पत्नी राम आशिष महतोकी छोरी, अनुठा महतोकी बुहारी, राम सुरेश महतोकी पत्नी रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ जयनगर बस्ने वर्ष ४० की (ना.प्र.नं. ३२१०१२-१६५, जारी मिति २०६६/०४/१३, जि.प्र.का. रौतहट) **लालती देवी....१** समेत जना दुई । | १) तपसी महतोको नाति, निर्गुन महतोको छोरा रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ बस्ने वर्ष ७५ को (ना.प्र.नं १२७, जारी मिति २०३४/०४/११, जि.प्र.का. रौतहट) **अनुठा महतो ।**<br>२) निर्गुन महतोको नाति, अनुठा महतोको छोरा रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ बस्ने वर्ष ४७ को (ना.प्र.नं. १२४९, जारी मिति २०५२/०६/०८, जि.प्र.का. रौतहट) **रामवालक महतो ।**<br>३) अनुठा महतोकी बुहारी, राम नाथ प्रसाद कुशवाहाकी छोरी, राम वालक महतोकी पत्नी रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ बस्ने वर्ष ४४ की (ना.प्र.नं २९७६, जारी मिति २०५६/०१/१२, जि.प्र.का. रौतहट) **संजु देवी महतो कुशवाहा ।**<br>४) राम आशिष महतोकी छोरी, अनुठा महतोकी बुहारी, राम सुरेश महतोकी पत्नी रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ जयनगर बस्ने वर्ष ४० की (ना.प्र.नं. ३२१०१२-१६५, जारी मिति २०६६/०४/१३, जि.प्र.का. रौतहट) **लालती देवी ।** | १) राम आशिष महतोकी छोरी, अनुठा महतोकी बुहारी, राम सुरेश महतोकी पत्नी रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ जयनगर बस्ने वर्ष ४० की (ना.प्र.नं. ३२१०१२-१६५, जारी मिति २०६६/०४/१३, जि.प्र.का. रौतहट) **लालती देवी**को नाममा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. ५ स्थित **कित्ता नं. २४३९** को **क्षेत्रफल ०-०-७-० (बि.क.धु.क)** को घर/जग्गा लगायत सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२) तपसी महतोको नाति, निर्गुन महतोको छोरा रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ बस्ने वर्ष ७५ को (ना.प्र.नं १२७, जारी मिति २०३४/०४/११, जि.प्र.का. रौतहट) **अनुठा महतो**को नाममा दर्ता श्रेस्ता कायम रहेका रहेको रौतहट जिल्ला, जयनगर वडा नं.२ र ४, स्थित **कित्ता नं. ६४७ र २५८** को क्षेत्रफल **क्रमशः ०-०-६-० (बि.क.धु.क) र ०-०-१४-० (बि.क.धु.क)** को घर/जग्गा लगायत सम्पूर्ण लिगलगापातहरु समेत । |
| ३. | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६८/०६/०९ मा नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्रा.फ.र.नं. ९५३।७६ अन्तरर्गत दर्ता भएको तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरीक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय सिमराको मिति २०६६/०८/०४ मा पान नं. ३०३७९७९०४ अन्तर्गत दर्ता कायम भएको **कुशवाहा एग्रो सेन्टर ।**<br>**ठेगानाः** रौतहट जिल्ला, जयनगर वडा नं. २ हाल रौतहट जिल्ला, गरुडा वडा नं. १ ।<br>**प्रोप्राईटरः** निर्गुन महतोको नाति, अनुठा महतो को छोरा रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ जयनगर बस्ने वर्ष ४१ को (ना.प्र.नं. १४२९, जारी मिति २०५६/०६/१७, जि.प्र.का. रौतहट) **राम सुरेश महतो ।** | | |

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७

दिगो, दरिलो र विश्वासिलो

आधुनिक संसारमा तपाईं जे सिर्जना गर्नुहुन्छ त्यो बिक्री गर्न सक्नुहुन्न भने तपाईं एक रचनात्मक, मौलिक विचारक हुनु व्यर्थ छ ।

**- डेविड ओगिल्भी**

सम्पादकीय

# बीआरआईमा पारदर्शिता

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौताको दस्तावेज पारदर्शी नगरिएको विषयलाई कूटनीतिक शैलीमा उठाएको भोलिपल्ट मंगलवार नेपालले बीआरआई फ्रेमवर्क सम्झौता सार्वजनिक गरेको छ । कुनै पनि देशसँग भएका सन्धिसम्झौता यसरी सार्वजनिक गर्नु पारदर्शिता हो । नेपालले चीनसँग भएको यो सम्झौता सार्वजनिक गरेर पारदर्शितामात्र देखाएको छैन यससम्बन्धी भ्रम र अफवाहलाई समेत चिर्ने काम गरेको छ ।

लुले नेपालसँग आफ्नो देशले एमसिसी सम्झौता गर्दा पारदर्शिता अपनाएको प्रसङ्ग जोडेर बीआरआईको दस्तावेजचाहिँ किन पारदर्शी नभएको भन्ने टिप्पणी अप्रत्यक्ष रूपमा गरेका थिए । त्यसपछि सरकारले यो सम्झौता सार्वजनिक गरेको हो । अमेरिकी सहयोग एमसीसी सम्झौताको प्रति सार्वजनिक भएको र त्यसका बुँदाबुँदामा, शब्दशब्दमा चिरफार भएको थियो । त्यसो हुँदा बीआरआई सम्झौता पनि त्यसैगरी सार्वजनिक हुनुपर्छ भन्ने आवाज उठेको थियो । यसलाई सार्वजनिक गरेर सरकारले सम्झौताको वास्तविक बुँदाबारे जानकारी दिएको छ । जनता जागरुक भए भने कुनै पनि देशसँगका सन्धिसम्झौताका बारेमा सरकारलाई दबाब दिन सक्छन् भन्ने कुरा पनि यसले देखाएको छ । वास्तवमा कुनै पनि मुलुक वा संस्थासँग मुलुकले सन्धि वा सम्झौता गर्छ भने त्यो सार्वजनिक गर्ने परिपाटी बसाल्नुपर्छ । अहिले बीआरआईलाई नजीर बसालेर आगामी समयमा यस्तै गरिनुपर्छ । यो काम किन पनि महत्त्वपूर्ण छ भने चीनसँग भएका विभिन्न सम्झौताका प्रतिहरू यसअघि सार्वजनिक भएका छैनन् । यसलाई नयाँ प्रारम्भ मान्नुपर्छ । यसलाई सार्वजनिक गर्नमा पक्कै पनि मित्रराष्ट्र चीनको सहमति होला भनेर अनुमान गर्न सकिन्छ । उसको इच्छाविपरीत पक्कै पनि नेपालले सार्वजनिक गर्दैनथ्यो होला ।

बीआरआई सम्झौता किन पनि महत्त्वपूर्ण छ भने यो सन्धि

**अन्य विकास साझेदारसँग ऋण लिने र चीनसँग नलिने भन्ने हुँदैन । लागत र लाभको विश्लेषण गरेर नेपाललाई फाइदा हुने छ भने त्यस्ता परियोजनाका लागि ऋण लिनु पनि पर्छ ।**

होइन भन्ने स्पष्ट उल्लेख छ । सन्धि भएको भए संसद्बाट अनुमोदन गराउनुपर्थ्यो । बीआरआई फ्रेमवर्क सम्झौता कुनै अन्तरराष्ट्रिय सन्धि नभएकाले अन्तरराष्ट्रिय कानूनअनुसार कुनै अधिकार र दायित्व सृजना गर्दैन । परियोजना कार्यान्वयनमा सम्बद्ध देशको आआफ्नो राष्ट्रिय कानून, नियम र नीति लागू हुने हुने कुरा पनि सम्झौतामा उल्लेख गरिएको छ । बीआरआई फ्रेमवर्कअन्तर्गत कार्यान्वयन हुने परियोजनाले कुनै अर्को देशसँगको सहकार्यमा कार्यान्वयन गरिने परियोजनालाई असर नगर्ने पनि यसमा उल्लेख छ ।

कुनै पनि देशसँग हुने सम्झौताका मस्यौदामा मुलुकभित्र समिति बनाएर छलफल गरिनु पनि बीआरआई सम्झौताको अर्को राम्रो पक्ष हो । त्यस्तो समितिमा स्वतन्त्र विज्ञलाई राखिनु र त्यसअनुसार शब्द चयन हुनु पनि अर्को सुन्दर पक्ष हो । यद्यपि नेपालको चाहनाअनुसार अनुदान शब्द सम्झौतामा राखिएको छैन । यसमा प्रयोग भएको 'एड फाइनान्सिङ'ले ऋण लिन पनि सक्ने र नलिन पनि सक्ने विकल्प खुला राखेको छ ।

त्यसो त मुलुकभित्र महँगो ऋण लिने कि नलिने भन्नेमा पनि विवाद छ । चीनसँग व्यावसायिक ऋण लिने कि नलिने भन्नेमा दलहरू विभाजित छन् । मुलुक अतिकम विकसितबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुँदै छ । त्यसो हुँदा अब नेपालले पाउने अनुदान कटौती हुनेछ र उसले ऋण लिनैपर्ने अवस्था आउँदै छ । यस्तोमा अन्य विकास साझेदारसँग ऋण लिने र चीनसँग नलिने भन्ने हुँदैन । लागत र लाभको विश्लेषण गरेर नेपाललाई फाइदा हुने छ भने त्यस्ता परियोजनाका लागि ऋण लिनु पनि पर्छ । बीआरआई फ्रेमवर्क सम्झौतामा यो बुँदा पनि परेकाले नेपालले जथाभावी ऋण लिन सहज नहुने देखिन्छ किनभने ऋण सम्झौता गर्दा लाभलागतको विवरण पनि उल्लेख गर्नुपर्ने हुन सक्छ । मुलुकभित्र पनि यसबारे छलफल हुन्छ । त्यस्तोमा सरकारलाई जथाभावी ऋण लिन रोक्न सकिन्छ । नेपालले कानून नै बनाएर कुल गार्हस्थ्य उत्पादनको एक तिहाइभन्दा बढी वैदेशिक ऋण नलिने नीति पनि लिएको छ । यो पनि जथाभावी वैदेशिक ऋण लिनबाट रोक्ने सुरक्षा कवच हो । यद्यपि अनावश्यक दायित्व मात्र थप्ने प्रवृत्ति बढ्दै गयो भने नचाहिने नचाहिने पनि ऋण लिनुपर्ने हुनसक्छ । त्यसैले जथाभावी ऋण नलिने मात्र होइन जथाभावी दायित्व नथप्ने प्रणाली बसाल्नु पनि उत्तिकै जरुरी छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## कुल गार्हस्थ्य उत्पादन ३ दशमलव ८ प्रतिशतले बढ्ने

अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले २०६९/७० मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ३ दशमलव ८ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण गरेको छ । नेपालको आर्थिक परिदृश्यबारे नोभेम्बर १६ मा बसेको आईएमएफको कार्यकारी बोर्ड बैठकले गरेको विश्लेषणमा यस्तो अनुमान गरिएको हो ।

बैठकपछि प्रकाशित विज्ञप्तिमा गत वर्ष साढे ४ प्रतिशतको जीडीपी वृद्धिदर प्राप्त गरेको नेपालको जीडीपी वृद्धिदर घट्नुमा भारतीय अर्थतन्त्रमा आइरहेको सङ्कुचन मुख्य कारण भएको उल्लेख गरिएको छ । विज्ञप्तिअनुसार सबैभन्दा ठूलो व्यापारिक साझेदार भारतको अर्थतन्त्र कमजोर बनिरहँदा त्यसको प्रत्यक्ष प्रभाव नेपालमा परिरहेको छ । निर्यातको ओर्लंदो क्रम, लगानीको कमजोर स्थिति र विप्रेषणको कमजोर आप्रवाहले गर्दा भारतीय अर्थतन्त्रमा थप सङ्कुचन आउने आईएमएफको अनुमान छ । 'यी कारणले आगामी केही महीना भारतमा मुद्रास्फीति दर वृद्धि हुने देखिन्छ,' विज्ञप्तिमा उल्लेख छ ।

**वर्ष ८, अंक ७७, बुधवार २० मङ्सिर, २०६९**

# स्रोतको व्यवस्थापनबाट उठ्न सक्छ पर्यटन

## निजीक्षेत्र र सरकार दुवैको सक्रियता बढ्न आवश्यक

पर्यटन व्यवसायमा निजीक्षेत्र प्रत्यक्ष रूपमा लागेको ६५ वर्षभन्दा बढी भइसकेको छ । विगत ६ दशकको अवस्थालाई हेर्ने हो भने पनि राज्यको अग्रसरता र उत्सुकताभन्दा निजीक्षेत्रको संलग्नता यसमा बढी देखिन्छ । लामो समयसम्म पर्यटन भनेकै विदेशी पर्यटकमा निर्भर रहेको नेपालको पर्यटन पछिल्लो कालखण्डमा भने विदेशीमात्र नभएर आन्तरिक पर्यटन पनि उदीयमान विधा भएको छ ।

नेपालमा विदेशी पर्यटकको आकर्षण बढ्दै जानु र बिस्तारै नेपाल रोजाइमा पर्नुलाई लामो हवाई दूरी (लङ हउल)बाटै भएको देखिन्छ । नेपालमा पर्यटनको शुरुआत पनि लामो दूरीका गन्तव्यबाट आउने पर्यटकबाट बढी जोड दिएरै भएको देखिन्छ । नेपालमा आएका पर्यटकले पुस्तकमार्फत, स्टोरी, विभिन्न प्रकारका रेकर्डबाट नै नेपाललाई चिनाएको पाइन्छ । जसको फलस्वरूप नेपालमा विदेशी पर्यटक बढ्दै जान थालेको हो ।

### निजी अगाडि, राज्य पछाडि

पर्यटकहरू आउन थालेपछि हामीले पनि निजीक्षेत्रसहितबाट सेवा दिन थालेका छौं । पर्यटक आइसकेपछि उनीहरूलाई सेवा दिनु अर्को महत्त्वपूर्ण काम हो । हामीले पर्यटकलाई सेवा दिने काम होटेल, होमस्टे, ट्रेकिङ, ट्राभल आदिबाट गरिरहेका छौं । सरकारले पर्यटन विकास र प्रवर्द्धनकै लागि विभिन्न निकाय गठन गरेको पनि छ । पर्यटन बोर्ड, विभिन्न पर्यटनमा विङ्सहरू र तारागाउँ पर्यटन विकास समिति आदिबाट सेवा प्रवाह भएको पाइन्छ ।

पछिल्लो समय पर्यटन क्षेत्रमा काम गर्ने संस्थागत हिसाबले हेर्ने हो भने निजीक्षेत्रको सक्रियता बढ्दै गएको देखिन्छ । ट्रेकिङ, ट्राभल, एयरलाइन्स, होटेल, पर्वतारोहणसहितका संस्थाहरूको योगदान उल्लेख्य देखिन्छ । कतिपय पर्यटनमा सक्रिय संस्थाहरू पर्यटन मन्त्रालय स्थापना हुनुभन्दा अगाडि स्थापना भएका र सेवा दिन थालेका छन् । ती संस्थासँग सरकारी निकायको उपस्थिति जोडेर हेर्ने हो भने निजीक्षेत्र अलि बढी आक्रामक छ भने सरकारी प्रक्रिया सुस्त देखिन्छ ।

### नीतिगत उदारताको प्रतिफल

नेपालमा सन् १९७० को दशकपछि पर्यटनको महत्त्व देखेर सरकारले नै सहजीकरण गर्न थालेको र पर्यटन मन्त्रालय स्थापना गरेर सन् १९७२ मा पर्यटनको गुरु योजनासमेत बनेको देखिन्छ । सरकारले पर्यटनमा दक्ष जनशक्ति उत्पादन गर्ने भनेर नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान (नाथम) को शुरुआत गर्नेदेखि पर्यटन विभाग स्थापना गरेर नियमनको भूमिका खेल्न थालेसम्मको अवस्थालाई अहिले जोडेर हेर्ने हो भने राज्यले सक्रियता देखाउन खोजेको मात्रै देखिन्छ । पर्यटकीय संस्थालाई इजाजतपत्र दिने र नियमन गर्ने भन्ने सैद्धान्तिक विषयमा सरकारी क्षेत्रको भूमिका देखिन्छ । त्यसको प्रभावकारी र निरन्तरता अर्को पाटो मानिएको छ ।

पूर्वाधार विकासमा पनि सरकारले निजीक्षेत्रमैत्री र खुला अर्थतन्त्रको नीति लिएर हवाई यातायात, पर्यटन यातायातसहित विभिन्न क्षेत्रमा निजीक्षेत्रको लगानी खुला गरिदिएको छ । पछिल्लो दिनमा सरकारले नीतिगत क्षेत्रमा गर्नुपर्ने काममा राम्रो गरिदिएका कारण पनि पर्यटन क्षेत्रको विकासमा सहजताको महसूस गर्न सकिन्छ । राज्यले पर्यटन विकासका लागि पर्यटक प्रहरी, हरियो प्लेटका सवारीको व्यवस्था, पर्यटकीय संस्थाले विदेशबाट ल्याउने सामानमा कर छूट, पर्यटकीय सवारी किन्दा दिने छूटसहितको काम निकै सह्राहनीय छ ।

सरकारले क्षेत्रगत सुधारका लागि समेत कम गरेको छ । पर्यटनको विकास तथा सहजीकरणका लागि छुट्टाछुटै क्षेत्रलाई समेटेर नीतिगत व्यवस्थासमेत गरेको छ । नेपाललाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने र साझेदारीका हिसाबले समेत सक्रिय भूमिका खेल्ने भनेर नै नेपाल पर्यटन बोर्ड स्थापना भएको देखिन्छ ।



**राज्यले गतिलो पूर्वाधार बनाएन भने भएकै पर्यटकीय गतिविधिका काम समेत देखिँदैनन् । त्यसैले राज्यले पूर्वाधार निर्माणमै महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । तर, निजीक्षेत्रको अपेक्षाअनुसार पूर्वाधार विकास हुन सकेको छैन ।**

**- दीपकराज जोशी**

राज्यले गतिलो पूर्वाधार बनाएन भने भएकै पर्यकीय गतिविधिका काम समेत देखिँदैनन् । त्यसैले राज्यले पूर्वाधार निर्माणमै महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । तर, निजीक्षेत्रको अपेक्षाअनुसार पूर्वाधार विकास हुन सकेको छैन । यसका लागि राज्यको प्रशासनिक तथा राजनीतिक दुवै तहले काम गर्नुपर्ने हुन्छ । अस्थिर सरकार, कर्मचारीको छिटोछिटो सरुवा हुने, आवश्यकताअनुसारको गन्तव्य विकास र प्रवर्द्धनको पाटोमा अझै धेरै कमजोरी छ ।

### कमजोर पूर्वाधारको मारमा पर्यटन

राज्यले अगाडि बढाएका धेरै पूर्वाधारका कार्यक्रम राम्रोसँग अगाडि बढ्न सकेका छैनन् । राष्ट्रिय गौरवकै आयोजनाको सूचीमा हेर्ने हो भने दुई दर्जन आयोजनामध्ये ५/७ ओटा त पर्यटन मन्त्रालयअन्तर्गतकै पर्यटकीय पूर्वाधार बनाउने भन्ने खालका छन् । यी आयोजनालाई द्रुत गतिमा सम्पन्न गर्ने जिम्मेवारी राज्यले लिनुपर्ने हुन्छ । अस्थिर भएका आयोजनालाई स्थिरतातर्फ लैजाने र सक्रिय बनाएर बढीभन्दा बढी प्रतिफलमुखी बनाउँदै कार्यान्वयनतर्फ नै जोड दिनुपर्ने हुन्छ । यस्ता आयोजनाका बारेमा गम्भीर छलफल गर्ने, प्रभावकारिता र प्रतिफलका लागि अलि बढी जोड दिने हो भने पक्कै यसको नतिजा राम्रो आउँछ ।

पर्यटन भनेको प्राविधिक विषय पनि हो । पर्यटनका कतिपय आयोजना विकास गरेर निजीक्षेत्रलाई नै दिनुपर्ने छ भने कतिपय काम राज्यकै आग्रसरतामा मात्रै हुनुपर्ने छ । यस्ता विषयमा समेत गम्भीरताका साथ लाग्नुपर्ने हुन्छ । अहिले पर्यटनका कतिपय गतिविधि प्रभावकारी हुन सकेका छैनन् ।

पर्यटन क्षेत्रमा प्रशस्त संघसंस्था त छन् तर पर्यटनको बारेमा गम्भीर भएर लाग्नेचाहिँ कम भए । जति संघसंस्थाले काम गरेका छन्, तिनीहरूले प्रभावकारी नतिजा देखाएका छैनन् । नीतिगत पक्ष फितलो हुनु र सरकारी नेतृत्वकर्ताको परिवर्तन छिटोछिटो हुनुले पनि पर्यटन क्षेत्रको विकास, प्रवर्द्धन र प्रतिफल अपेक्षाअनुसारको हुन नसकेको हो ।

### रणनीतिक योजनाका असफलताको पाठ

लामो समयसम्म प्रभावकारी काम हुन नसक्नुमा सरकारी कमजोरी पक्कै छ । सन् २०११ को पर्यटन वर्ष सकिन नपाउँदै भिजन २०२०, २०१६-२५ का लागि पर्यटन विकासको रणनीतिक योजना, २०२३-३० को पर्यटन दशक, पाँच/पाँचवर्षे आवधिक योजना पनि तय भएकै थिए । तर, तिनको कार्यान्वयन पक्ष भने फितलो बन्यो । पर्यटन मन्त्रालयअन्तर्गत बन्ने योजना र पर्यटनका विभिन्न निकायले बनाउने योजनाले प्रभावकारी कामै गर्न नसक्ने, भएका नेतृत्वसँग पुरानो विषयवस्तुको जानकारी नहुने र जानकारी लिन भन्दा आफै नयाँ योजना बनाएर जान खोज्ने अभ्यास प्रशस्त छ । यस्ता अभ्यासले भएकै योजना पूरा नहुने र नयाँले पनि प्रभावकारी काम नगर्ने अवस्था छ ।

आजको दिनमा हाम्रो पर्यटन दिशाविहीन हुनुको कारण पनि राजनीतिक अस्थिरतादेखि भएकै योजनाका प्रभावकारी कार्यान्वयन नभएर हो । नेपालको पर्यटन अब कता जाने ? कस्ता निकायसँग वास्तविक समन्वय गर्ने भन्ने विषय नै 'डिरेल' भएको अवस्था छ । यसलाई छिटो ट्र्याकमा ल्याउनुपर्छ । एकैपटक धेरै कम गर्नुपर्छ भन्ने होइन, काम कम गरौं तर त्यसलाई वास्तविक र मूर्तरूप दिनुपर्छ । पर्यटन प्रवर्द्धनको कामलाई राम्रोसँग गर्ने, पूर्वतयारी गर्ने र प्रशस्त गृहकार्य गरेर मात्रै अगाडि बढ्ने हो भने पर्यटनलाई हामीले भनेजस्तै अथाह सम्भावना भएको क्षेत्र हो भनेर पुष्टि गर्न सकिन्छ । नेपालको लागि पर्यटनले जति दिने दीर्घकालीन लाभ दिने अरू क्षेत्र छैन भन्दा पनि हुन्छ ।

पर्यटनमा भएको योजनाले प्रतिफल दिन सकेको छैन । सरकारले लामो समयको कामलाई विनायोजना अगाडि बढ्नु नै अहिलेसम्म भएको कमजोरी हो । राजनीतिक नेतृत्वले आफ्नो कार्यकालको लागि काम गर्ने मात्रै भनेर पन्छनु हुँदैन । यसले पछिसम्मको अपनत्व बढ्दैन ।

प्रभावकारी पर्यटन विकासका लागि र प्रतिफलमुखी काम गर्न यसअघि आएका कार्यक्रमभन्दा पर्यटन प्राथमिकताका दशकका रूपमा नयाँ कार्यक्रम ल्याउनुपर्छ । पर्यटन प्राथमिकताका दशकमा के गर्ने भन्ने विषय पक्कै पहिल्याउनुपर्छ । पर्यटन पूर्वाधारमा राज्यले गर्ने लगानी, निजीक्षेत्रले गर्ने लगानी, पर्यटक भित्र्याउने लक्ष्य, त्यसका लागि आवश्यक जनशक्तिसहितका विषयलाई अहिले नै निर्क्योल गरेर अगाडि बढ्नुपर्छ । कति होटेल चाहिन्छ, कति ट्राभल, ट्रेकिङ, टुर गाइड अबको दशकमा आवश्यक छ भन्ने आकलन गरेर अहिले नै तयारी गरेर जान सकिन्छ । यसका लागि राज्य संयन्त्रकै सक्रियता चाहिन्छ भने निजीक्षेत्र त मुख्य साझेदार भइहाल्यो । पर्यटकीय क्षमता र त्यसलाई प्रवर्द्धन गर्ने कार्यक्रम पनि तय गरेर जान सकिन्छ । कार्यक्रम ल्याउने तर त्यसको अपनत्व राज्य वा निजीक्षेत्र कसैले पनि नलिने चाहिँ हुनु भएन ।

**आगामी वर्ष भित्र्याउने पर्यटकका लागि प्रवर्द्धनको काम हुनुपर्छ । राज्य तथा निजीक्षेत्रले भएकै गन्तव्यको विकास र प्रवर्द्धनमा मात्रै लगानी गरे पुग्छ । भएकै गन्तव्यको विकास गर्ने हो भने पनि अबको २० वर्षको लागि पुग्ने देखिन्छ ।**

### पर्यटनमा अबको बाटो

पर्यटनमा हामीलाई चाहिने कार्यक्रममा बजेट खर्च भएन, गन्तव्य विकासको कार्यक्रम भएन । आगामी वर्ष भित्र्याउने पर्यटक र त्यसको लागि गर्ने प्रवर्द्धनको काम हुनुपर्छ । राज्य तथा निजीक्षेत्रले भएकै गन्तव्यको विकास र प्रवर्द्धनमा मात्रै लगानी गरे पुग्छ । भएकै गन्तव्यको विकास गर्ने हो भने पनि कम्तीमा अबको २० वर्षका लागि नयाँ गन्तव्य खोजिरहनु पर्ने छैन । जे छ त्यही गन्तव्यको विकास गर्ने र प्रवर्द्धन गर्ने हो भने पनि हामीसँग पर्यटन गन्तव्य यथेष्ट छन् । तर, हामीकोमा अन्तरराष्ट्रिय स्तरको गन्तव्य बनाउनेतर्फ ध्यान गएको छैन भने नयाँ गन्तव्य पनि प्रवर्द्धन गर्न सकेका छैनौं । यसैका लागि हामीले राम्रो गृहकार्य गर्ने, सही टीम छनोट गर्ने र केन्द्रित भएर काम गर्ने हो भने ३ देखि ५ वर्षमै देखिने गरी पर्यटनमा परिवर्तन ल्याउन सकिन्छ ।

पर्यटनमा काम गर्ने निश्चित संस्थाहरूको निश्चित दायित्व हुन्छ । त्यसअनुसार संस्थागत काम हुन नसक्दा पर्यटन बोर्डले पूर्वाधार विकास गरिदेओस् अनि प्रवर्द्धन पनि गरिदेओस् भन्ने भइरहेको छ । तर, साना पूर्वाधार विकास गर्ने काममा अल्झनुभन्दा दीर्घकालीन महत्त्वका काम गरेर जानु उपयुक्त हुन्छ । त्यसका लागि पर्यटन मन्त्रालयअन्तर्गतका निकायलाई पुनरवलोकन गर्दै पनि गर्नुपर्छ । मन्त्रालयभित्र पर्यटन, संस्कृति र उड्डयनका निकाय छन् । यी निकायको कामको पुनरवलोकन गर्ने र लक्ष्यसहित जिम्मवारी दिने हो भने छोटो समयमा नतिजामुखी देखाउन सकिन्छ ।

अहिले पर्यटन मन्त्रालयका केही महाशाखा, पर्यटन मन्त्रालय, बोर्ड र निजीक्षेत्रका काममा समेत दोहोरोपना हुने गरेको छ । त्यसलाई पनि पुनरवलोकन गरेर नतिजामुखी बनाउने गरी जिम्मेवारी दिनुपर्छ । पर्यटन विकास गर्दा निजीक्षेत्रलाई छोडेर जान भने सकिँदैन ।

निजीक्षेत्रकै कारण नेपालको पर्यटन अहिलेको अवस्थासम्म आइपुगेको हो । अहिले जेजति पर्यटन आगमनको नतिजा देखेका छौं, त्यो सरकारले निजीक्षेत्रलाई गरेको समर्थनकै कारणले भएको हो । छोटो समयमा नै प्रतिफल प्राप्त गरेर जान राज्य र निजीक्षेत्रकै सहकार्य चाहिन्छ । राज्यले निजीक्षेत्रले गरेको मागलाई पूरा गर्दै आएको छ । तर, निजीक्षेत्रले गरेको अपेक्षा जति छैन । अन्तरराष्ट्रिय सफल अभ्यासलाई निजीक्षेत्रले पनि अपनाउन नसक्दा अपेक्षाकृत उपलब्धि प्राप्त नभएको हो कि भन्ने देखिन्छ ।

निजीक्षेत्र जति सक्रिय भएको छ त्यसअनुसार लाभ पाउन सकेको देखिँदैन । अहिले हामीसँग जेजति पर्यटकीय गन्तव्य र आगमन छ त्यसअनुसार पर्यटकले गरेको खर्च सन्तोषजनक छैन । अहिले विदेशी पर्यटकले गर्ने दैनिक खर्च ४०/४५ डलर मात्रै छ । हामीसँग भएको गन्तव्य र क्षमताको हिसाबमा यो खर्च निकै कम हो । भएकै गन्तव्यबाट बढी लाभ लिन सक्ने, होटेलहरूले प्रिमियम चार्ज लिने अवस्था छैन ।

नेपालको समस्या खर्चालु पर्यटक (हाइइन्ड टुरिस्ट)मा पहुँच नपुग्नु, गन्तव्यको प्रवर्द्धन हुन नसक्नु र अन्तरराष्ट्रिय बजारसम्म हामी पुग्न नसक्नु हो । यसका लागि राज्यले पूर्वाधार छिटोभन्दा छिटो सुधार गर्ने, अध्यागमनको भिसा सहजीकरण गर्ने, भएकै अन्तरराष्ट्रिय विमानस्थल थप प्रभावकारी बनाउने कुरामा ध्यान दिनुपर्छ । राज्यले नीतिगत व्यवस्था हेरिदिनुपर्छ भने निजीक्षेत्रको प्रवर्द्धनमा राज्यले भूमिका खेलिदिन सक्छ । यसका लागि निजीक्षेत्रले गतिविधि सृजनामा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । नयाँ सन्देशसहित अन्तरराष्ट्रिय क्षेत्रमा जाने हो भने खासै समस्या पनि छैन र सम्भावना पनि ज्यादा छ । त्यसले राज्य र निजीक्षेत्र दुवैलाई राम्रो प्रतिफल दिन्छ ।

गुणस्तरीय खर्च गर्ने व्यवस्था बढाउन पनि कि त राज्यले नियन्त्रण गर्नुपर्छ अन्यथा ठूलो लगानी भएको निजीक्षेत्रले बढी काम गर्नुपर्छ । अहिले त मिश्रित रणनीतिमा काम भइरहेको छ जसले गर्दा खर्चालु र बजेट टुरिस्ट दुवैलाई एउटै एजेन्सीले हेर्नुपरिरहेको छ । हामीले गर्ने कार्यक्रम पनि गुणस्तरीय पर्यटक लक्षित हुनुपर्छ । पर्यटन बोर्डले यसका लागि काम गर्दै आएको छ र बजेट खर्च पनि बढाउँदै लगिरहेको छ ।

अहिलेकै अवस्थाको पूर्वाधार र क्षमताबाट पनि नेपालले गुणस्तरीय पर्यटक भित्र्याउन सक्छ । गुणस्तरीय पर्यटक भित्र्याउने मामिलामा एउटा पक्ष भुटानको जस्तो राज्य नियन्त्रित पर्यटकको अपेक्षामा छन् भने अर्को पक्ष यूरोपको जस्तो बिजनेशमा राम्रो होल्ड गर्न निजीक्षेत्रको अपेक्षा गर्छन् । त्यसैले हामीले पनि अस्वस्थ प्रतिस्पर्धा गर्ने नभएर स्वस्थ प्रतिस्पर्धा नै बढाउनुपर्ने हुन्छ ।

*जोशी नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख हुन् । (सेजन स्मारिका २०८१बाट)*

# खाद्य सुरक्षाको आधार : खाने बानीमा सुधार


नेपालमा हामीलाई चाहिनेजति खाद्यान्न उत्पादन स्वदेशमै भएको तथ्याङ्कले देखाउँछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि सूचना तथा प्रशिक्षण केन्द्रका अनुसार अझै पनि उपभोगयोग्य खाद्यान्न बचत १६ लाख मेट्रिक टनभन्दा बढी देखाइएको छ । उत्पादनमा बीउ, चरामूसाबाट हुने नोक्सानी, कुटाइपिसाइ गर्दा प्राप्त हुने परिमाण कटाएर निकालिने गरिन्छ । खाद्यान्न आवश्यकता प्रतिव्यक्ति हिसाब गरेर कुल जनसंख्या २ करोड ९४ लाख ३४ हजार ३५० जनसंख्याको आधारमा निकालिएको हो । वैदेशिक रोजगारीमा गएकाको संख्या यसमा हिसाब गरिएको छैन । तर, खाद्यान्नहरूको आयात स्थिति हेर्दा खाद्यान्नको बचत र आयातबीच पटक्कै तालमेल देखिएको छैन ।

### नेपालमा खाद्यान्न उत्पादन स्थिति

नेपालमा खाद्यान्नभित्र धान, मकै, गहुँ, कोदो, जौ र फापरलाई समेटिएको छ । यी क्रमशः उत्पादनका हिसाबले क्रममा पर्छन् । धान नेपालकै पहिलो बाली हो । यसपछि मकै र गहुँ बाली पर्छन् । त्यसपछि कोदो, जौ र फापर पर्छन् । २०७७/७८ देखि २०७९/८० सम्मको ३ वर्षको क्षेत्रफल र उत्पादनको औसत निकालेर चार्टग्राफमा देखाइएको छ । नेपालमा धानखेती १४-१५ लाख हेक्टरमा गरिन्छ । यसबाट सरदर ५४ लाख मेट उत्पादन भनी दिइएको छ ।

खाद्यान्नभित्र हिमाली भेगमा उत्पादित अन्य अन्नबाली जस्तै उवा, चिनो, कागुनो आदि केकति हुन्छ, राष्ट्रिय तथ्याङ्कभित्र अझै पारिएको छैन । हाल यस्ता रैथाने बालीहरू शहरी क्षेत्रका भान्सामा पर्न थालेका छन् ।

यी जानकारीले नेपालमा खानलाई चाहिने खाद्यान्न स्वदेशमै पर्याप्तमात्र नभएर बचतसमेत भएको देखाउँछ । तर, चामल मात्र नभएर मकै, गहुँ, कोदोसमेतको आयात वर्षेनि बढ्नु र निर्यात निराशाजनक देखिनुले कृषिमा गरिएको लगानी र प्रतिफलबारे सरोकारवालाले सोच्नैपर्छ ।



**तथ्यांकले नेपालमा खानलाई चाहिने खाद्यान्न स्वदेशमै पर्याप्तमात्र नभएर बचतसमेत भएको देखाउँछ । तर, चामल, मकै, गहुँ, कोदोसमेतको आयात वर्षेनि बढ्नु र निर्यात निराशाजनक देखिनुले कृषिमा गरिएको लगानी र प्रतिफलबारे सरोकारवालाले सोच्नैपर्छ ।**

**- तुलसीदास गौतम**

### खाद्यान्नको आयात निर्यात स्थिति

आयात स्थिति हेर्दा सन् २०१३/१४ कुल खाद्यान्नको आयात सबै जोड्दा २८ अर्ब ६२ करोड बराबरको आयात भएकोमा यो वर्षेनि बढ्दै २०२०/२१ मा उच्च विन्दुमा करीब ८० अर्ब पुगेको थियो । त्यसपछि खाद्यान्न आयात केही ओरालो लागेको देखिन्छ । गत आव ५० अर्ब ७८ करोड बराबरको त धानचामल आयात भएको थियो । यसैगरी खाद्यान्नको निर्यातमा फापर प्रमुख देखिन्छ । अरू खाद्यान्नहरू छिटफुट र थोरै भन्सार मूल्यमा आयात भएको देखिन्छ ।

### खानेबानीमा सुधार

खाद्य सुरक्षाको आधार खानेबानीमा सुधार हुन सक्छ । खानेबानीमा सुधार ल्याउन सके खाद्य सुरक्षा प्राप्त गर्न सकिन्छ भन्ने ठहर यस पङ्क्तिकारले चीन भ्रमणका बेला महसूस गरेको थियो ।

कृषि मन्त्रालयअन्तर्गत सन् २००८ मा यो पङ्क्तिकार कृषि बजारसम्बन्धी तालीमका लागि चीनको छेन्तु जाने टोलीको एक सदस्य थियो । अफ्रिकी मुलुकलगायत ३२ देशका ६० भन्दा बढी हामी सहभागी रहेका थियौं । तीन हप्ताको बसाइमा खाने परिकारमा उसिनेका आलु, पिँडालु, ताजा सागपात, तरकारी जस्ता परिकार खाँदा भातको मात्रा सबैको कम देखियो ।

भातभन्दा अरू परिकार रुचिकर लाग्ने गरेका थिए । सबैको थालीमा यस्तै खाद्य सम्मिश्रण देखिन्थ्यो । यदि यसैगरी नेपालमा पनि खाद्य परिकार खाने हो भने थोरै अन्नले धेरैलाई पुग्न सक्छ । हाम्रो शरीरलाई स्वस्थ राख्न आवश्यक पोषणको मात्रा खुलेको आहार चार्ट उमेर, कार्य प्रकृति र बोझअनुसार हाम्रो परिवेशअनुसार खाद्यपरिकार खाने हो भने खाद्यान्नको प्रतिदिनको बचत हुने र यसबाट खाद्यसुरक्षा हुने ठहर यस पङ्क्तिकारको छ । यसमा ऊ अभ्यस्त सकेसम्म भइरहेको छ ।

हामीले रोगबाट बच्न भातभन्दा बढी महत्व दाल, साग, गेडागुडीलाई दिनुपर्छ भनेर स्वास्थ्य तथा पोषणविद्हरूले पहिलेदेखि भन्दै आएका छन् तर पनि हामीले खानेबानीमा सुधार गर्न सकेका छैनौं । यसर्थ खानेबानीमा सुधार गर्नु भनेको खाद्यसुरक्षा प्राप्त गर्नु हो ।

### आर्थिक कूटनीति

नेपालको छिमेकी लगायतसबै राष्ट्रहरूसँग मित्रवत् सम्बन्ध छ । आर्थिक कूटनीतिको माध्यमबाट आयात निर्यातबीच सन्तुलन कायम राख्न कृषि तथा औद्योगिक उत्पादनको निर्यात बढाउन सकिन्छ । यसका लागि अति सम्भाव्य, सम्भाव्य मुलुकहरूमा हाम्रा उत्पादनहरू कसरी पठाउन सकिन्छ भन्नेमा अध्ययन गरी त्यसअनुसार काम हुनुपर्छ । नीतिगत तगारा, सम्भावना र चुनौती पहिल्याउन, समाधान गर्न, कूटनीतिक पहल गर्न, सूचनाहरू निजीक्षेत्रलाई दिन र सहजीकरण गर्न एक हेल्प डेस्क राख्नेजस्ता काम गर्न सकिन्छ । कूटनीतिक मर्यादाको साथै आर्थिक कूटनीतिमा प्राप्त सफलताको आधारमा राजदूतावास र राजदूतहरूको मूल्याङ्कन गर्नु उपयुक्त हुनेछ ।

नेपालमा खानेबानीमा सुधार गर्न सके खाद्य सुरक्षाका साथै आयात परिमाण घटाउन सकिन्छ । तुलनात्मक लाभका आधारमा आयात निर्यातबीच सन्तुलन राख्न नेपाली राजदूतावासलाई आर्थिक कूटनीतितिर परिचालन गर्ने बेला आएको छ ।

*लेखक कृषिअर्थविद् हुन् ।*

# नेपाल र एडीबीबीच २१ अर्ब २३ करोडको सहयोग सम्झौता

**अभियान संवाददाता**

काठमाडौं

नेपाल सरकार र एशियाली विकास बैंक (एडीबी)बीच यान्त्रिक सिँचाइ नवप्रवर्तन परियोजना (मेसिनाइज्ड इरिगेसन इन्नोभेसन प्रोजेक्ट-एमआईआईपी) र जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजना (सीआरएलएलपी) कार्यान्वयनका लागि २१ अर्ब २३ करोड (१५७ मिलियन अमेरिकी डलर) बराबरको सहुलियतपूर्ण ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ ।

बुधवार अर्थ मन्त्रालयमा भएको सम्झौताअनुसार उक्त परियोजनाका लागि एडीबीले १४ अर्ब ८८ करोड रुपैयाँ (११० मिलियन अमेरिकी डलर) ऋण तथा २ अर्ब रुपैयाँ (१५ मिलियन अमेरिकी डलर) अनुदान दिनेछ । त्यस्तै, जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजनाका लागि १ अर्ब ३५ करोड रुपैयाँ (१० मिलियन अमेरिकी डलर) ऋण २ अर्ब ९७ करोड रुपैयाँ (२२ मिलियन अमेरिकी डलर) अनुदान सम्झौता भएको हो । सम्झौतापत्रमा अर्थसचिव डा. रामप्रसाद घिमिरे र एडीबीका देशीय निर्देशक आर्नो कोस्वाले हस्ताक्षर गरे । यान्त्रिक सिँचाइ नवप्रवर्तन परियोजना मधेश प्रदेशको रौतहट र सर्लाही जिल्लामा कार्यान्वयन गरी उन्नत सिँचाइ प्रविधि लागू गरिने बताइएको छ, जसमा किसानले 'प्रिपेड कार्ड'को माध्यमबाट आवश्यकतानुसार पानी उपयोग गर्नसक्ने सुविधा पाउने छन् । यस परियोजनाबाट १ लाख २१ हजारभन्दा बढी किसान लाभान्वित हुने विश्वास लिइएको छ । परियोजनाको मुख्य उद्देश्य कृषिको उत्पादकत्व वृद्धि, वर्षभर सिँचाइ सुनिश्चितता र खाद्य सुरक्षा प्रवर्द्धन गर्नु हो ।

त्यसैगरी जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजना कर्णाली र सुदूरपश्चिम प्रदेशका ग्रामीण समुदायलाई जलवायु परिवर्तनका असरप्रति प्रतिरोधी बनाउने उद्देश्यले सञ्चालन हुनेछ । यसले खानेपानीको समस्या समाधान गर्न, प्रकृतिमा आधारित जीविकोपार्जन प्रवर्द्धन गर्न र स्थानीय समुदायलाई दिगो जल व्यवस्थापन, कृषि वन र वन व्यवस्थापनका माध्यमबाट सशक्त बनाउन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । सम्झौतापत्रमा हस्ताक्षरपछि अर्थसचिव घिमिरेले यी परियोजनाको माध्यमबाट उन्नत सिँचाइ प्रविधि र दिगो जल व्यवस्थापनले खाद्य सुरक्षाका साथै जलवायु परिवर्तनको असर सामना गर्न सहयोग पुग्ने बताए ।

**सम्झौतापत्रमा हस्ताक्षरपछि अर्थसचिव घिमिरेले यी परियोजनाको माध्यमबाट उन्नत सिँचाइ प्रविधि र दिगो जल व्यवस्थापनले खाद्य सुरक्षाका साथै जलवायु परिवर्तनको असर सामना गर्न सहयोग पुग्ने बताए ।**

एडीबीका देशीय निर्देशक कोस्वाले यी परियोजनाका विशेषता र यसले नेपालको आर्थिक क्षेत्रमा ल्याउने योगदानको चर्चा गर्दै जलवायु अनुकूलन, कृषि उत्पादकत्व र जल सुरक्षा क्षेत्रमा एडीबीले नेपाललाई सधैं सहयोग गर्ने प्रतिबद्धता जनाए । यी सम्झौता नेपाललाई दिगो विकास हासिल गर्न र जलवायु परिवर्तनको चुनौतीसँग जुध्न महत्त्वपूर्ण कोसेढुंगा सावित हुने विश्वास उनले व्यक्त गरे ।

# आलु र भाङको बजारीकरण गर्दै गाउँपालिका

बलेवा (बागलुङ) । निसीखोला गाउँपालिकाले स्थानीय जातका आलु र भाङको प्रवर्द्धन र बजारीकरणमा जोड दिन थालेको छ । चालू आर्थिक वर्षदेखि आलु र भाङको प्रवर्द्धन गरेर किसानलाई तत्कालै आम्दानीसँग जोड्ने योजनासहित गाउँपालिकाले बजारीकरण गर्न थालेको हो । निसीखोला गाउँपालिकाका अधिकांश ठाउँमा आलु फल्छ । स्थानीय जातको आलु स्वादिलो हुने भएकाले काठमाडौं, पोखरा, बुटवल र भैरहवामा यहाँको आलु पुग्ने गरेको स्थानीय बताउँछन् । परम्परागत रूपमा गाउँपालिकाको उपल्लो क्षेत्रमा बर्खे र तल्लो क्षेत्रमा हिउँदे आलुको खेती हुँदै आएको छ । ताराखोला एवं ढोरपाटनमा फल्ने आलु र निसीको भाङ चर्चित रहेको निसीखोला गाउँपालिकाको कृषि शाखाले जनाएको छ । पूर्वमा ताराखोला र पश्चिमका शहरमा ढोरपाटनको आलुको बढी चर्चा हुने गरेको छ ।

निसीखोलाका किसानले पनि हरेक वर्ष हजारौं किलो आलु बजार पुग्ने गरी उत्पादन गरे पनि प्रचारप्रसार र प्रवर्द्धनको अभावले अन्य गाउँको जस्तो चर्चा नपाएकाले यहाँ उत्पादित आलु र भाङको बजारीकरणमा जोड दिइएको कृषि शाखाका प्रमुख भक्तिप्रसाद रेग्मीले बताए ।

रासायनिक मलको प्रयोग नहुने र स्थानीय जातको बीउ लगाउने भएकाले निसीको आलुले बजार पाउनेमा गाउँपालिका विश्वस्त रहेको उनको भनाइ छ । चालू आर्थिक वर्षदेखि आलु र भाङको प्रवर्द्धन गर्दै किसानलाई प्रत्यक्ष रूपमा आम्दानीसँग जोड्ने पालिकाले योजना बनाएको शाखाका प्रमुख रेग्मीले बताए ।

**ताराखोला एवं ढोरपाटनमा फल्ने आलु र निसीको भाङ चर्चित रहेको निसीखोला गाउँपालिकाको कृषि शाखाले जनाएको छ ।**

'यहाँ प्रशस्त भाङ उत्पादन हुन्छ, एकपटक स्वाद पाएकाले खोजेर लैजानुहुन्छ,' रेग्मीले भने, 'यहाँको भाङ र आलु निसीबाहिरका मानिसलाई पनि चखाउने र विक्री गर्ने योजना बनाएका छौं ।' पालिकाले किसानलाई ज्ञान, शीप, प्रविधि र बजारीकरणमा सहयोग गर्दै कृषि उपजबाट आम्दानीसँग जोड्ने योजना अघि सारेको उनले जानकारी दिए । बागलुङमा बढी उत्पादन हुने भाङको केही हिस्सा निसीका किसानले ओगटेका छन् । आर्थिक आम्दानी पनि हुने र स्वाद पनि हुने भएकाले यहाँका किसानले पाखोबारी बाँझो नराख्न भाङ खेती गर्दै आएका रेग्मीले बताए । बारीमा लगाएको आलु जेठ, असारमा भित्र्याइन्छ । आलु उकेरेपछि खाली बारीमा सिमी र भाङ लगाइने भन्दै पुनः अर्कोपटक आलु लगाउने समयसम्म सिमी र भाङको फसल लिन सकिने उनको भनाइ छ । जिल्लाको ताराखोला, निसीखोला, तमानखोला, बडीगाड र ढोरपाटन नगरपालिकाका अधिकांश बारीमा भाङ उत्पादन हुने गरेको छ । सरकारले प्रतिबन्ध लगाएको गाँजा प्रजातिको रूखमा भाङ फल्छ । बागलुङका उच्च पहाडी भू-भागमा भाङको उत्पादन बढी हुने भए पनि यसको व्यावसायिक बजार नहुँदा किसानले फाइदा लिन सकेका छैनन् । *रासस*

# एनसेल फाउन्डेसनले एनपीएलका चौकाबापत १५०० शैक्षिक सामग्री दिने पक्का

काठमाडौं (अस) । एनसेल फाउन्डेसनले बुधवारसम्म खेलिएका सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) पावर्ड बाई एनसेलका खेलहरूमा हानिएका कुल ३७५ चौकाबापत १५०० ओटा शैक्षिक सामग्री विद्यार्थीलाई वितरण गर्ने पक्का भएको विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

ती सामग्री दुर्गम र ग्रामीण भेगका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई वितरण गरिने बताइएको छ । गत बिहीवार क्रिकेटको रोमाञ्चकतालाई शिक्षासँग जोड्दै एनसेलले एनपीएलका प्रत्येक चौकाबापत चारओटा शैक्षिक सामग्री प्रदान गर्ने घोषणा गरेको थियो ।

बुधवारसम्म खेलिएका १९ ओटा खेलमा ७३ जना खेलाडीले कुल ३७५ ओटा चौका हानेका छन् । लुम्बिनी लायन्सका क्याप्टेन रोहितकुमार पौडेलले सबैभन्दा बढी २४ चौका हानेर ९६ ओटा शैक्षिक सामग्री वितरण सुनिश्चित गरेका छन् । जनकपुर बोल्टस्का लाहिरु मिलन्थाले अहिलेसम्मको दोस्रो धेरै २२ चौकासहित ८८ शैक्षिक सामग्री र पोखरा एभेन्जर्सका आन्द्रियस गौसले १९ चौकाबाट ७६ शैक्षिक सामग्री वितरण पक्का गरेका छन् ।

यस पहलले विद्यार्थीको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेको एनसेलको विज्ञप्तिमा उल्लेख छ । विद्यार्थीले प्राप्त गर्ने प्रत्येक शैक्षिक सामग्रीमा आवश्यक शैक्षिक सामग्री जस्तै स्कुल ब्याग, कापी, सिसाकलम, कटर, इरेजरलगायत सामग्री समावेश हुने बताइएको छ ।

# चीन र रुसका कम्पनीहरूमा व्यापारमाथि अमेरिकी प्रतिबन्ध

वासिंगटन । संयुक्त राज्य अमेरिकाले मंगलवार मानव अधिकार उल्लंघनको आरोप लगाउँदै २ चिनियाँ र ६ ओटा रुसी कम्पनीमाथि व्यापार प्रतिबन्ध घोषणा गरेको छ ।

अमेरिकी अधिकारीहरूले पहिचान गरेका चिनियाँ कम्पनीमा झेजियाङ युनिभ्यु टेक्नोलोजी पनि पर्छ । उक्त कम्पनीमाथि उइगुर र अन्य जातीय तथा धार्मिक अल्पसंख्यक समूहहरूको निगरानी जस्ता मानव अधिकार उल्लंघनलाई सहयोग गरेको आरोप लगाइएको छ । अमेरिकी वाणिज्य मन्त्रालयले नाम लिएको अर्को फर्म बेइजिङ झोङडुन सुरक्षा प्रविधि समूह थियो । उक्त कम्पनीले सार्वजनिक सुरक्षा अधिकारीहरूलाई अधिकार उल्लंघन गर्न अनुमति दिने उत्पादनहरू विकास र विक्री गर्ने भनिएको छ । यी व्यवसायहरूलाई 'सन्दर्भ सूची'मा थपिएको छ । सूचीमा थपिएपछि अमेरिकी कम्पनीहरूलाई निर्यात गर्नुअघि अनुमतिपत्र लिनुपर्छ ।

'मानव अधिकार हनन संयुक्त राज्य अमेरिकाको विदेश नीतिको हित विपरीत छ,' उद्योग र सुरक्षाका लागि वाणिज्य उपमन्त्री एलन एस्टेवेजले विज्ञप्तिमा भनेका छन्, 'यी कम्पनीहरूलाई सन्दर्भ सूचीमा थप्नुको उद्देश्य अमेरिकी प्रविधि मानव अधिकार उल्लंघन र दुर्व्यवहारमा प्रयोग नभएको सुनिश्चित गर्नु हो ।'

अमेरिकी सरकार र अन्य पश्चिमी देशका कानून निर्माताहरूले उत्तर-पश्चिमी सिन्जियाङ क्षेत्रमा उइगुर अल्पसंख्यकहरूप्रति चीनले गरेको व्यवहारलाई निशाना बनाएका छन् । अधिकारवादी समूहहरूले कम्तीमा १० लाख मानिस, प्रायः मुस्लिम अल्पसंख्यकका सदस्यहरूलाई यस क्षेत्रमा कैद गरिएको र उनीहरूले विभिन्न दुर्व्यवहारको सामना गरेको बताएका छ । बेइजिङले ती आरोपहरूलाई दृढतापूर्वक अस्वीकार गरेको छ ।

मंगलवारका अन्य लक्षित कम्पनीमा म्यानमाका २ र रुसका अरु २ कम्पनी छन् । ती कम्पनीले म्यानमाको सेनालाई नागरिकविरुद्ध हवाई आक्रमण जस्ता कार्य गर्न अनुमति दिने सामग्री उपलब्ध गराउँछन् । अन्य दुई रुसी संस्थालाई मस्कोलाई अनुहार पहिचान प्रविधि उपलब्ध गराएको कारण सूचीमा समावेश गरिएको छ । ती संस्थाको उद्देश्य शान्तिपूर्ण प्रदर्शनकारीलाई लक्षित गर्नु र यो रुसको व्यापक निगरानी प्रणालीको एक महत्त्वपूर्ण अवयव भएको दाबी गरिएको छ । *एएफपी*

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**सिटी हार्डवेयर प्रा.लि.** को **मितिः२०८१/०६/२०** मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेख/स्वीकृतिको लागि पठाएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मितिः २०८१/०७/२८ को निर्णयानुसार स्वीकृति प्राप्त भई **सिटी मल्टि ट्रेड प्रा.लि. (प्रा.लि.नं.२८२४१३)** कायम गरिएको छ । साविकको कम्पनीको नाममा रहेको चल-अचल सम्पति तथा तिर्नु ब्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

**केन्द्रीय कार्यालय:**
**ज्ञानेश्वर-३०, काठमाण्डौं**
**फोन नं.: ०१-५९७००३०**
**टोल फ्रि नं.:१६६००-११-३०००**
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन)) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८१/०८/२७**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
| **१. तान्छोहाङ्ग रेष्टुरेण्ट**<br>**प्रमाण पत्र नं.:** १७४/०६-२४-००३३<br>ठेगाना : भद्रपुर -०६, झापा<br>दर्ता गर्ने कार्यालय : भद्रपुर नगरपालिका १ नं वडा कार्यालय, भद्रपुर, झापा, १ नं प्रदेश, नेपाल<br>स्थायी लेखा नं.: ६०१४४१७६७<br><br>**व्यावसाय/धनजमानीकर्ता : प्रेक्षा गुरुंग**<br>**ना.प्र.नं.:** ११८०१८५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>पति : भक्तहाङ्ग सावादिन<br>ससुरा : प्रेमकुमार सावादिन<br>ठेगाना : झापा जिल्ला, भद्रपुर -०२, हाल भद्रपुर न.पा.वडा नं ०६ | **भक्तहाङ्ग सावादिन**<br>**ना.प्र.नं.:** ३२३५९६३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>बाबु : प्रेमकुमार सावादिन<br>बाजे : टिका राम सावादिन<br>ठेगाना : झापा जिल्ला, चारपाने गा.वि.स.वडा नं ०८, हाल भद्रपुर न.पा.वडा नं ०६<br><br>**शाखा कार्यालय : विर्तामोड**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) फर्मको नाममा तथा प्रोप्राइटर प्रेक्षा गुरुंगको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत** |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) प्रेक्षा गुरुंगको नाममा मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (ब.मी) |
|---|---|---|---|
| भद्रपुर न.पा १३ | १८००३६७२५ | ९३ | ३३८.६३ |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
